# परिच्छेद एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमी

पाठ्यक्रम त्यस्तो एक संगठित रुप हो जसमा विद्यालय भित्र र विद्यालयको निर्देशनमा विद्यालय बाहिरका सम्पूर्ण क्रियाकलापहरू समावेश भएको हुन्छ । पाठ्यक्रममा कुनै पनि व्यक्ति समाज र राष्ट्रका आवश्यकताहरू समेटिएको हुन्छ । पाठ्यक्रम शब्द सन् १८२० देखि नै प्रचलनमा रहेको थियो (ज.व.रा. २०६६ : ३४) । यद्यपी यसको व्यवस्थित रूप भने त्यसको झण्डै १०० वर्ष पछिमात्र देखा पऱ्यो । सन् १९१८ मा Franklin Bobbitt ले 'The Curriculum' प्रकाशन गरे पश्चात् पाठ्यक्रमको पेशागत बहस चल्यो ।

अंग्रेजिको Curriculum शब्द Latin भाषाको Currere बाट आएको हो जसको अर्थ "to run" भन्ने हुन्छ । यसरी पाठ्यक्रमको अर्थ दौडको मैदान (race cource/run way) हुन्छ । यहाँ सिकाइ प्रक्रियालाई दौडको रूपमा र पाठ्यक्रमलाई मैदान वा बाटोको रूपमा लिइएको छ । यसर्थ विद्यार्थीले विद्यालाई दौडलाई पाठ्यक्रम रुपि मार्गमा दौडाएर आफ्नो गन्तव्य स्थान मा पुग्न सफल हुन्छन् । यसरी कक्षामा अध्ययन गर्ने विद्यार्थीका लागि दौडको मार्गको रूपमा पाठ्यक्रमलाई लिइएको छ । पाठ्यक्रमलाई विभिन्न शिक्षाविद्, पाठ्यक्रमविद्, मनोवैज्ञानिक, दार्शनिक, विभिन्न संघसंस्था आदिले आ-आफ्नै तरिकाले परिभाषित गरेका छन् । रा.शि.प.यो २०२८ मा पाठ्यक्रमलाई "शिक्षाका लक्ष्यहरू प्राप्त गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रम" भनेको छ । त्यसैगरी Hilda Taba ले 'सिकाइको योजना नै पाठ्यक्रम हो' भनेकी छन् तर UNICEF (2000) का अनुसार "विशिष्ट शैक्षिक उद्देश्य प्राप्तिको लागि तयार गरिएको शिक्षक र विद्यार्थी बिचको अन्तरक्रियालाई नै पाठ्यक्रम भनिन्छ ।" यसरी पाठ्यक्रमलाई कसैले सिकाइको योजना वा शैक्षिक कार्यक्रमलाई मानेका छन् भने कसैले अन्तरक्रियालाई मानेका छन् ।

सामाजिक अध्ययन भन्ने शब्दको उत्पत्ति विसौं शताव्दीमा अमेरिकाबाट सुरु भएको हो । अहिले यस विषयले विश्वव्यापी रूपमा मान्यता पाउँदै आएको छ । सामाजिक अध्ययन भनेको के हो ? यसमा के कस्ता कुराको अध्ययन गरिन्छ र कस्ता कस्ता विषयवस्तुको समावेश गरिन्छ भन्ने सन्दर्भमा विभिन्न विद्वानहरूले आफ्ना विचारहरू प्रस्तुत गरेका छ्न । यसै सन्दर्भमा अग्रवाल (२००८) भन्दछन् "सामाजिक अध्ययन व्यक्ति र उसको सामाजिक तथा भौतिक वातावरणसँग सम्बन्धित छ जसले मानव सम्बन्धको अध्ययन गर्दछ ।"

अमेरिकी शिक्षा आयोग (१९३८) ले सामाजिक शिक्षाका सम्बन्धमा यस्तो विचार राखेको पाईन्छ । "सामाजिक अध्ययन भन्नाले त्यसलाई बुझाउँछ जसले प्रत्यक्ष सम्बन्ध मानव समाजको

संगठन विकास तथा मानिसलाई एक सामाजिक प्राणिका रूपमा विकास गराउँदछ” (गौतम, २०६६ : २०) ।

विद्वान् एम.पी. मुफातका अनुसार “सामाजिक अध्ययनलाई त्यो ज्ञान क्षेत्रका रूपमा बुझिन्छ जसले युवकहरूलाई आधुनिक सभ्यता बुझ्न सहायता दिन्छ । सामाजिक अध्ययनमा शिक्षणका लागि विषयवस्तु समाज, विज्ञान तथा समसामयिक जीवनबाट प्राप्त हुन्छ” (गौतम, २०६६: २०) ।

सामाजिक जीवनयापन गर्न सिकाउने, बदलिदो विश्व परिवेशको ज्ञान दिलाउने शास्त्र सामाजिक अध्ययन हो । सामाजिक अध्ययन भन्ने वित्तिकै समाजको बारेमा अध्ययन गर्ने र व्यक्ति वा बालबालिकालाई कसरी समाजमा समायोजित भएर बस्ने भन्ने बारेमा ज्ञान दिलाउने शास्त्रको रूपमा बुझ्न सकिन्छ । मानिस सामाजिक प्राणी भएकोले समाज विना व्यक्तिले आफ्नो विकासको कल्पना गर्न सकिँदैन । कुनै पनि व्यक्तिलाई समाजमा समायोजन हुनका लागि सामाजिक शिक्षाको आवश्यकता  पर्दछ । सामाजिक अध्ययन विषयमा सामाजिक समस्या, राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक मूल्य मान्यताहरू, भाषिक व्यवहार, भौगोलिक जानकारी, वैज्ञानिक सुझबुझ भएका सिर्जनशिल, सहयोगी, उद्यमशिल, स्वावलम्बि र सक्षम नागरिक तयार पार्नु सामाजिक अध्ययन विषयको उद्देश्य रहेको छ ।

विधिवत रूपमा सामाजिक विज्ञानका विषय वस्तुहरूबाट महत्त्वपूर्ण विषयवस्तु लिई हालको जस्तै छुट्टै सामाजिक अध्ययन नामक विषयको प्रचलन आउनुअघि विद्यालय स्तरमा विभिन्न सामाजिक विषयहरू अलग अलग विषयको रूपमा शिक्षण गर्ने सुरु गरियो । सन् १८२० को दशकमा संयुक्त राज्य अमेरिकाको कुनै कुनै विद्यालयबाट पठनपाठन सुरु भएको separate discipline का रूपमा विकसित भएका विभिन्न सामाजिक विषयहरूबाट integrated and interdisciplinary subject को रूपमा सन् १८९२ ताका शुरु गरिएको पाइन्छ (बस्नेत, २०६८ : ०१) ।

सामाजिक अध्ययन विषयको पठनपाठन आधुनिक शिक्षाको विकासँग सँगै भएको पाइन्छ । २०११ सालको राष्ट्रिय शिक्षायोजना आयोगको प्रतिवेदनमा उल्लेख भए अनुसार स्थापना भएको कलेज अफ एजुकेशनको पाठ्यक्रममा सामाजिक शिक्षा विषय समावेश भए पनि यसको वास्तविक कार्यान्वयन २०१७ सालदेखि प्राथमिक शिक्षा पाठ्यक्रममा भएको पाइन्छ । हुन त मा.वि. तहमा वि.सं. १९९० र भूगोल जस्ता सामाजिक विज्ञानका विषयहरू समावेश गरिएका थिए । विद्यालय तहमा पाठ्यक्रममा सर्वाङ्गिण राष्ट्रिय समितिको प्रतिवेदन २०१८ अनुसार केही संशोधन गरी लागु भए तापनि राष्ट्रिय शिक्षापद्धतिको योजना २०२८ ले नै सामाजिक शिक्षा विषयलाई व्यवस्थित बनाउने काममा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । रा.शि.प.यो २०२८ ले नै सामाजिक शिक्षा विषयलाई व्यवस्थित बनाउने काममा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

रा.शि.प.यो २०२८ ले प्रा.वि. तथा नि.मा.वि.का लागि १०० पूणाङ्कको सामाजिक शिक्षा अनिवार्य विषयका रूपमा राखेको थियो । त्यसबेला देखि नै प्राथमिक र नि.मा.वि. तहका अनिवार्य विषयका रूपमा सामाजिक विषय पठन पाठन भएको पाइन्छ । तर मा.वि. तहमा भने पाठ्यक्रम कार्यान्वयन योजना २०३८ पछि सामाजिक विषयलाई अनिवार्य विषयबाट हटाएर ऐच्छिक समूहमा राखिएको छ । तर २०६५ श्रावणदेखि लागु माध्यमिक शिक्षा पाठ्यक्रमले पुनःसामाजिक अध्ययन विषयलाई अनिवार्य विषयका रूपमा प्रस्तुत गरेको छ । प्रा.वि. र नि.मा.वि. तहमा भने २०२८ देखि अनिवार्य विषयका रूपमा अध्ययन गराउने काम भई आएको छ । वर्तमान निम्न माध्यमिक पाठ्यक्रम २०५० परिमार्जित गरी २०५८ देखि लागु भएकोमा यसमा पहिलाको पाठ्यक्रमभन्दा अझ विस्तृत र व्यापक रूपमा संडगठित गरिएको पाइन्छ । यसमा सामाजिक विज्ञानका विविध विषयहरूलाई समन्वयात्मक र एकिकृत रूपमा प्रस्तुत गर्ने कार्य भएको छ ।

एक्काईसौ शताब्दीको पूर्वाधमा पाईला टेक्दै गरेको आजको समाज र मानव जीवन बीच स्पष्ट प्रतिविम्ब देखाउने दर्पणका रूपमा सामाजिक अध्ययनलाई लिन सकिन्छ । सामाजिक अध्ययनले हामीलाई हाम्रो समुदाय, सभ्यता, राष्ट्रियता, अन्तराष्ट्रिय परिवशेका बारेमा स्पष्ट जानकारी गराउँदछ । सामाजिक अध्ययनको माध्यमबाट नै शिक्षा, संस्कृति, इतिहास र सम्भयताको विकास, विश्वका नयाँ पुराना घटनाहरू, आर्थिक, सामाजिक, भौगोलिक र राजनीतिक विकासक्रमको जानकारी दिँदै त्यस्ता घटनाहरूबाट ज्ञान आर्जन गरीआउँदो युगमा विगतका अनुभव लिँदै मानव कल्याणका लागि उपयोगी सक्षम मानव संशाधनको विकास गर्न सहयोग पुऱ्याउँछ । निम्न माध्यमिक पाठ्यक्रमले सामाजिक अध्ययन विषयका माध्यमबाट विद्यार्थीहरूमा आफ्ना भौतिक एवम् सांस्कृतिक वातावरण प्रतिको जानकारीका साथै समसामयिक घटनाहरू र सामाजिक मर्यादाको जानकारीबाट उनीहरूमा सोच्ने शक्ति प्रदान गरी उनीहरलाई तर्क गर्नेशक्ति बढी व्यवस्थित र सिर्जनात्मक बनाउन खोजेको पाइन्छ । पारस्परिक निर्भरता, सहयोग, समझदारी, अरुको असल गुण र कार्यको सराहना गर्ने समूहमा मिलेर काम गर्ने, उत्तर दायित्व बहन गर्ने जस्ता भावना सामाजिक अध्ययनबाट विकास गर्न सकिने भएकाले यसै अनुरूप विषयवस्तु चयन गरिएको पाइन्छ । विद्यार्थीहरूमा विश्ववन्धुत्वको भावनाको विकास, राष्ट्रिय समुन्नतिका लागि जागरुक, आर्थिक रूपले दक्ष, नक्सा, चार्ट, चित्र, निर्माण एवम् प्रयोग आदि उपयोगी सीपको विकास गराउन सामाजिक अध्ययन महत्त्वपूर्ण हुन्छ । त्यसैले विद्यार्थीको उमेर दक्षता अनुसार, सामाजिक विज्ञानका बेग्ला बेग्लै विषयहरू गहन रूपमा अध्ययन गर्न सम्भव हुने हुँदा ति विषयहरूबाट अति आवश्यक पर्ने खालका विषयवस्तु छानेर एकीकृत रूपमा उपयोग ज्ञान सीप र धारणाको विकास गराउन सामाजिक अध्ययनको पाठ्यक्रमको स्वरूप एकीकृत र समन्वयात्मक खालको रहेको छ ।

निम्न माध्यमिक तहको पाठ्यक्रममा सामाजिक विषयका लागि साधारण तर्फ १०० पूणाङ्क र साप्ताहिक पाठ्यभार ५ तोकिएको छ भने संस्कृत तर्फ पूर्णाङ्क ५० र पाठ्यभार ३

तोकिएको छ । यसरी कक्षा ६, ७ र ८ को सामाजिक अध्ययन विषयमा समावेश गरिएको विभिन्न पाठ्यवस्तुको क्षेत्रअनुसारको पाठ्भार यसप्रकार निर्धारण गरिएको छ :

**तालिका नं. १.१**

**निम्न माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको स्वरूप**

| **क्र.सं.** | **विषयवस्तु** | **पिरीयड** | **पाठ्यभार (%) मा** |
|---|---|---|---|
| १ | हामी, हाम्रो समुदाय र राष्ट्र | 15 | 10 |
| २ | हाम्रा विकासका पूर्वाधारहरू | 15 | 10 |
| ३ | हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता | 22 | 15 |
| ४ | समाज, सामाजिक समस्या र विकृति | 15 | 10 |
| ५ | नागरिक दायित्व | 15 | 10 |
| ६ | हाम्रो पृथ्वी | 15 | 10 |
| ७ | मानव सभ्यता र हाम्रो विगत | 20 | 13 |
| ८ | हाम्रो आर्थिक क्रियाकलाप | 18 | 12 |
| ९ | हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | 15 | 10 |
| | **जम्मा** | **१५०** | **१००** |

पाठ्यक्रम कार्यान्वन पाठयक्रम अध्ययनको क्षेत्रमा नयाँ पक्ष हो । हरेक शिक्षण संस्थाको आन्तरिक दक्षता बढाएर र मानवीय संशाधनको विकास गरेर पाठ्क्रमलाई कार्यान्वयनमा ल्याउन सकिन्छ । नीति नियम जति सुकै राम्रो भए पनि कार्यान्वयन पक्ष राम्रो भएन भने हामीले चाहेको उपलब्धी प्राप्त गर्न सकिँदैन । पाठ्यक्रम निर्माणको ऐतिहासिक काल खण्डको क्रममा वि.सं. २०२८ साल एक महत्त्वपूर्ण वर्ष थियो । किनकी यस वर्षमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु हुनुको साथै विद्यालय तहको हरेक कक्षाका लागि पाठ्यक्रमको योजना तथा निर्माण गर्न नेपालमा पहिलो पटक शिक्षा मन्त्रालय अन्तर्गत एउटा छुट्टै निकाय “पाठ्यक्रम विकास केन्द्र” स्थापना गरिएको थियो । सोही वर्षमा देश भर चलिरहेका विद्यालयहरूमा दिइने शिक्षामा एकरूपताल्याउन विद्यालय तहका लागि कक्षागत तथा विषयगत पाठ्यक्रमको पूर्ण खाका तयार गरी प्रकाशन गरियो (श्रेष्ठ, २०६४, पृ. ३०) । अत : नेपालमा सर्वप्रथम पाठ्यक्रमका सबै अङ्गहरू समेटेर निमनमाध्यमिक शिक्षाको पाठ्यक्रम वि.सं. २०२८ सालमा मात्र निर्धारण गरिएको थियो । २०२८ सालमा निर्मित उक्त पाठ्यक्रम २०३८, २०५०, २०५८ सालमा परिमार्जन गरिसकेको छ । तयसैले २०५८ सालमा परिमार्जन गरिएको पाठ्यक्रम सबै निम्न माध्यमिक विद्यालयहरूमा अहिले कार्यान्वयन भईरहेको छ ।

## १.२ समस्याको कथन

वर्तमान निम्न माध्यामिक शिक्षा पाठ्यक्रम (२०५८) ले नि. मा. वि. तहका कक्षा ६ ७ र ८ मा सामाजिक अध्ययन विषयलाई मुख्य विषयको रूपमा स्वीकार गरी अनिवार्य विषयको रूपमा समावेश गरेको छ । सामाजिक जीवनयापन गर्न सिकाउने, बदलिदो विश्व परिवेशको ज्ञान दिलाउने शास्त्र सामाजिक अध्ययन हो । सामाजिक अध्ययन भन्ने वित्तिकै समाजको बारेमा अध्ययन गर्ने र व्यक्ति वा बालबालिकालाई कसरी समाजमा समायोजित भएर बस्ने भन्ने बारेमा ज्ञान दिलाउने शास्त्रको रूपमा बुझ्न सकिन्छ । मानिस सामाजिक प्राणी भएकोले समाज विना व्यक्तिले आफ्नो विकासको कल्पना गर्न सकिँदैन । कुनै पनि व्यक्तिलाई समाजमा समायोजन हुनका लागि सामाजिक शिक्षाको आवश्यकता  पर्दछ । सामाजिक अध्ययन विषयमा सामाजिक समस्या, राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक मूल्य मान्यताहरू, भाषिक व्यवहार, भौगोलिक जानकारी, वैज्ञानिक सुझबुझ भएका सिर्जनशिल, सहयोगी, उद्यमशिल, स्वावलम्बि र सक्षम नागरिक तयार पार्नु सामाजिक अध्ययन विषयको उद्देश्य रहेको छ ।

पाठ्यक्रम कार्यान्वन पाठयक्रम अध्ययनको क्षेत्रमा नयाँ पक्ष हो । हरेक शिक्षण संस्थाको आन्तरिक दक्षता बढाएर र मानवीय संशाधनको विकास गरेर पाठ्क्रमलाई कार्यान्वयनमा ल्याउन सकिन्छ । नीति नियम जति सुकै राम्रो भए पनि कार्यान्वयन पक्ष राम्रो भएन भने हामिले चाहेको उपलब्धी प्राप्त गर्न सकिदैन । तसर्थ यस अध्ययनको विषयवस्तु निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था रहेको छ ।

## १.३ अनुसन्धानात्मक प्रश्न

यस अनुसन्धानमा निम्न लिखित प्रश्नहरूको उत्तर पहिल्याउने कोशिस गरिनेछ :

- यो विषय शिक्षण गर्ने शिक्षकको व्यवस्थापन कस्तो छ ?
- निम्न माध्यमिक तहमा सामाजिक अध्ययन शिक्षणमा के कस्ता योजनाहरू गर्दछन् ।
- शिक्षक निर्देशिका अनुरूप के कति पढाई गर्दा रहेछन् ?
- पाठ्यक्रमको उद्देश्य अनुरूप शैक्षिक सामग्रीको प्रयोग के कति गरिएको छ ?
- सामाजिक अध्ययन शिक्षण गर्दा कुन कुन विधिको प्रयोग गरिएको छ ?
- यो विषय शिक्षण गरिँदा शिक्षक र विद्यार्थीका क्रियाकलाप के कस्ता रहेका छन् ?
- मूल्याङ्कन कसरी गर्ने गरिएको छ ?
- पाठ्यक्रम कार्यान्वयन गर्दा के कस्ता समस्याहरू आउँदा रहेछन् ?

## १.४ अध्ययनको औचित्य

समाज विकासको नियम अनुसार समाज जहिले पनि परिवर्तनको दिशातर्फ अगाडी बढीरहेको हुन्छ । समाजले जहिले पनि परिवर्तनलाई खोज्दछ र सामाजिक एवम् आन्तरिक रूपान्तरण चाहन्छ । यो समाज विज्ञानको नियम नै हो । समाज कहिले पनि पछाडी फर्कन चाहँदैन अर्थात् पश्चगमन यसको उद्देश्य होइन । समाजमा भईरहेका कुप्रथा, कुसंस्कार, अन्धविश्वास, कुरीति, सामन्तवादी, सोचाई आदिलाई परितर्वन गरी वैज्ञानिक चेतनाको विकास गराउनु अग्रगमनको लक्ष्य हो । यहि लक्ष्यलाई पूरा गर्नका लागि त्यही अनुरूपका अर्थात् समाजलाई सकारात्मक परिवर्तन गर्ने विषयवस्तु छनोट गर्नु नै आजको आवश्यकता हो । सामाजिक अध्ययन विषयले समाज रूपान्तरण गरी नागरिकलाई सभ्य, नैतिकवान, चरित्रवान, सु-संस्कृत बनाउने हुनाले विद्यालय तह (कक्षा १-१२) देखिनै यसको आवश्यकता र औचित्यता रहेको पाइन्छ । विश्वका विकसित देश देखि अविकसित देशहरूमा यस विषयको अध्ययन अध्यापन भएको पाइन्छ । सार्क मुलुकहरू, अमेरिका लगायतका विकसित मुलुकहरूमा पनि सामाजिक अध्ययन (Social Studies) पठनपाठन भएको पाइन्छ । यस विषयले देशको समसामयिक विषयवस्तुदेखि विश्वमा घटेका घटनाहरू, नवप्रवतन, आविष्कार, सूचना एवम् प्रविधि सम्बन्धी विषयवस्तु समेट्नु पर्दछ । आधुनिक सभ्य समाजको निर्माणका लागि सामाजिक अध्ययन विषयले सघाउ पुऱ्याउने भएकाले प्राथमिक तह देखि उच्च तहसम्मको शिक्षामा यो विषय समावेश गरिनु पर्दछ । समाजलाई आधुनिक विश्वसँगै परिचित गराउँदै स्थानीयकरण र विश्वव्यापीकरण लाई समायोजन गरी Globlization को सिद्धान्त अनुरूपका विषयवस्तु समावेश गर्नु आजको आवश्यकता बनेको छ । स्थानीय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने र विश्वमा पनि प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति तयार गर्न सामाजिक अध्ययन विषयले सघाउ पुऱ्याउने भएकोले यसको औचित्य दिन प्रतिदिन, बढ्दै गईरहको छ । हरेक कुराको आ-आफ्नो महत्त्व हुन्छ । महत्त्व विनाको कुनै वस्तु वा चिज हुँदैन । जुनसुकै अध्ययन अनुसन्धानको निश्चित महत्त्व वा औचित्य हुन्छ । त्यसकारण यस अध्ययनको औचित्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- यस अध्ययनले निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पठन पाठनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सम्बन्धी मार्ग निर्देश गर्नेछ ।
- यस अध्ययनले सम्बन्धित विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका विभिन्न कमिकमजोरीहरूलाई औंल्याई आवश्यक सुझाव प्रदान गरेको हुनाले उक्त सुझावका आधारमा सम्बनिधत सबै पक्षहरू (विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, सुपरीवेक्षक, प्रशासक तथा अभिभावक) लाई आफ्नाकमी कमजोरीहरू सुधार गरी पाठ्यक्रम कार्यान्वयनमा सुधार ल्याउन सहयोग पुग्नेछ ।

- यस अध्ययनले नमूनाको रूपमा छनोटमा परेको विद्यालयमा सामाजिक अध्ययन शिक्षणको अवस्था शिक्षक तथा विद्यार्थीले भोग्नु परेका समस्याको बारेमा जानकारी दिने हुनाले सरोकारवालालाई सुधार गर्न सहयोग पुऱ्याउँनेछ ।
- यस विषयसँग सम्बन्धित विषय विशेषज्ञ तथा अन्य सम्बन्धित व्यक्तिलाई शिक्षण विधिको निरूपण गर्न, अध्ययन, अध्यापन, पाठ्यक्रम कार्यान्वयन एवम् परिमार्जन गर्नमा समेत सहयोग पुग्नेछ ।

समग्रमा यस अध्ययनले निम्न माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थामा देखिएका समस्याहरू पत्ता लगाई समाधानार्थ उपायहरू खोज्नुले सम्बन्धित क्षेत्रमा काम गर्ने शिक्षक, विद्यार्थी अभिभावक, जिल्ला शिक्षा कार्यालय, पाठ्यक्रम विकास केन्द्र, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र लगायतका अन्य सरोकारवालाहरूलाई निम्न माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनमा भएका कमी कमजोरी सुधार गरी पाठ्यक्रम कार्यान्वयन गर्न यो अध्ययन महत्त्वपूर्ण हुनेछ भन्ने अपेक्षा राखेको छु ।

## १.५ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्य निम्नानुसार थिए :

- निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउनु ।
- निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वनयमा देखिएका समस्या पहिचान गर्नु ।

## १.६ अध्ययनको सीमाङ्कन

कुनै पनि अध्ययन अनुसन्धान कार्य निश्चित परिधि वा सीमा भित्र रहेर बढी प्रभावकारी सार्थक, सहज र सजिलो हुने भएकोले यो अध्ययन निम्न सीमाभित्र सीमित रहेको थियो ।

- पाठ्यक्रम कार्यान्वयन अन्तरगत विद्यालय तहमा अवलम्वन गरिएका चरण, नमूना, रणनीतिलाई मात्र आधार बनाई यो अध्ययन सम्पन्न गरिएको थियो ।
- पाठ्यक्रम कार्यान्वयनको अवस्था अन्तर्गत मुख्य गरी शिक्षकको व्यवस्थापन, शैक्षिक सामग्री, शिक्षक क्रियाकलाप, विद्यार्थी क्रियाकलाप र मुल्याङ्कनमा सीमित राखिएको थियो ।
- यस अध्ययनलाई कैलाली जिल्लाको एउटा सामुदायिक विद्यालय श्री जनप्रिय उच्च माध्यमिक विद्यालयमा मात्र सीमित गरियो ।

- यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न नमूना छनोटमा परेको विद्यालयको प्र.अ., शिक्षक,  विद्यार्थी र त्यसैगरी, विद्यालय निरीक्षकलाई सूचना दाताको रूपमा लिइयो ।
- यस अधययनका लागि विद्यालय निरीक्षक, प्रधानाध्यापक र शिक्षकका लागि अन्तवार्ता, विद्यार्थीका लाीग लक्षित समूह छलफल निर्देशिका र शिक्षकका लागि कक्षा अवलोकन जस्ता साधनहरूको प्रयोग मात्र गरी सूचनाहरू सङ्कलन गरियो ।
- पाठ्यक्रम कार्यान्वयन गर्दा आईपर्ने समस्या अन्तर्गत भौतिक व्यवस्थापन सम्बन्धी समस्या, शिक्षण सामग्री सम्बन्धी समस्या तथा तिनको समाधानका उपायमा मात्र सीमित राखियो ।
- यस अध्ययनको तथ्याङ्क संकलन, विश्लेषण तथा व्याख्या गर्न मुख्यतया गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको थियो ।
- यस अध्ययनको समयाअवधि शैक्षिक सत्रको सुरुको पहिलो महिनाका ३ वटा कक्षालाई मात्र कक्षा अवलोकनको मुख्य सूचनाको आधार मानिएको थियो ।

## १.७ शब्दहरूको परीभाषा

**पाठ्यक्रम कार्यान्वयन** : व्यवस्थित तरिकाबाट विशेष योग्यता र क्षमताको प्रयोग गरी तयार गरिएको पाठ्यक्रमलाई विद्यार्थीको माझ कक्षाकोठाको वातावरणमा लाग गराउनु र तयार पारिएका योजनाहरूलाई व्यवहारमा उतार्ने योजनाबद्ध कार्य

**निम्न माध्यमिक तह** : हालको आधारभूत शिक्षा (कक्षा १-८) अन्तगत कक्षा ६, ७, ८ लाई निम्न माध्यमिक तह मानिएको छ ।

## परिच्छेद दुई

## पूर्व साहित्यको पुनरावलोकन

कुनै पनि विषयमा अध्ययन अनुसन्धान कार्यमा सहजता छाओस भनि गरिने पूर्व अध्ययन नै त्यस अध्ययनको साहित्य हो । सम्बन्धित कृति रचनाको समीक्षा तथा विश्लेषण अध्ययन शिर्षकको आधारभूतज्ञान हासिल गरी त्यसको बारेमा धारणा कोर्नु अनुसन्धान कर्ताले आफ्नो अध्ययनको क्षेत्रमा पूर्ववत् गरिएका अध्ययन अनुसन्धान निष्कर्षहरू तथा संगठित रूपमा प्रकाशित गरिएका पुस्तक पत्रपत्रिका, लेख रचना तथा कृतिहरू अध्ययन गर्ने र त्यसको सारलाई आफ्नो अध्ययनमा उल्लेख गर्ने गर्नाले आफ्नो अध्ययनको क्षेत्रमा ज्ञान भएका र वर्तमानसम्म पनि अज्ञान तथा परिक्षण नगरीएका प्रमाण वा ज्ञानहरूबारे जानकारी प्राप्त गर्न सक्दछ । यस अध्ययनलाई सहयोग पुऱ्याउन सक्ने साहित्यलाई सामाजिक अध्ययनको पृष्ठभूमि, पाठ्यक्रम कार्यान्वयन गराउने रणनीतिहरू लगायत, राष्ट्रिय शिक्षा आयोगका प्रतिवेदनहरू, पाठ्यक्रम कार्यान्वयन चरणहरू, पाठ्यक्रम कार्यान्वयनका नमूनाहरू र कार्यान्वयनका अवस्थामा लेखिएका शोधसारको समीक्षा गरिएको थियो ।

### २.१ अध्ययनको सैद्धान्तिक आधार

कुनै पनि अनुसन्धानमा सम्बन्धित हुने अवधारणा निश्चित सैद्धान्ति जगमा विकास भएको हुन्छ । तसर्थ अनुसन्धानमा प्रयुक्त हुने अवधारणालाई निश्चित सैद्धान्तिक आधारमा व्याख्या गर्नुपर्दछ । यस अध्ययनलाई सहयोग पुऱ्याउन सक्ने साहित्यहरूमध्ये पाठ्यक्रम कार्यान्वयनको अर्थ, पाठ्यक्रम कार्यक्रमका चरणहरू, पाठ्यक्रम कार्यान्वयनका नमूनाहरू, पाठ्यक्रम कार्यान्वयन गराउने रणनीतिहरू लगायत, राष्ट्रिय शिक्षा आयोगका प्रतिवेदनहरू र कार्यान्वयनका अवस्थामा लेखिएका शोधपत्रको समीक्षा गरिएको थियो । जसलाई क्रमश : तल वर्णन गरिएको छ ।

### २.१.१ पाठ्यक्रम कार्यान्वयनको अर्थ

पाठ्यक्रम विकास गर्नु आफैमा महत्त्वपूर्ण कुरा हो तर जति सुकै राम्रोसँग पाठ्यक्रम तयार गरेता पनि त्यसलाई कक्षाकोठाको वातावरणमा विद्यार्थीहरू माझ लागु गरिएन भने यसले कुनै अपेक्षित उपलब्धी प्राप्त गर्न सक्दैन । त्यसकारण व्यवस्थित तरिकाबाट विशेष योग्यता र क्षमताको प्रयोग गरी तयार गरिएका विभिन्न विषयका पाठ्यक्रमहरूलाई विद्यार्थीको माझ कक्षाकोठाको वातावरणमा लागु गराउनु नै पाठ्यक्रम कार्यान्वनय हो । यसरी लिखित रूपमा तयार गरेको पाठ्यक्रमलाई कक्षाकोठाको वातावरणमा रूपान्तरण गर्नु वा कक्षाकोठाको वातावरणमा अभ्यासमा उतार्नुलाई पाठ्यक्रम कार्यान्वयन भनिन्छ । पाठ्यक्रम कार्यान्वयनलाई शिक्षाविद्, पाठ्यक्रम विद्, मनोवैज्ञानिक, आदिले आ-आफ्नै तरिकाले परिभाषित गरेका छन् ।

Ornstein and Hunkins (2004) ले पाठ्यक्रम कार्यान्वयनको परिभाषा दिँदै अगाडि लेख्छन् : पाठ्यक्रम कार्यान्वयन भनेको कार्यक्रमको सिर्जनाकर्ता र सो कार्यक्रम हस्तान्तरण गराइने पक्ष बिचको अन्तरक्रियात्मक प्रक्रिया हो । (Curriculum implementation is an interaction process between those who have created he progam and those who are charged with delivering it).

पाठ्यक्रम कार्यान्वयनको परिभाषा दिने क्रममा Fullan and Pomfret (1997) को परिभाषालाई उदघृत गर्दै Marsh (2006) लेख्छन् कुनै पाठ्यक्रम वा पाठ्यांश वा तिनीहरूमा समावेश भएका क्रियाकलापलाई वास्तविक रूपमा प्रयोगमा ल्याउने कार्य नै कार्यान्वयन हो । (The tearm implementation refers to the actual use of a curriculum/syllabus or what it consists of in practices (पराजुली र अन्य साथिहरूद्वारा उदघृत, २०६७ : २९७)।

पाठ्यक्रम कार्यान्वयनलाई योजनाबद्ध पाठ्यक्रमको क्रियात्मक वा कार्यमा लैजाने कार्यात्मक प्रक्रिया भनिन्छ । अर्कोशब्दमा पाठ्यक्रम कार्यान्वयन भन्नाले लिखित पाठ्यक्रमलाई कक्षाकोठाको अभ्यासमा रूपान्तरण गर्ने प्रक्रिया हो । (Curriculum implementation can be considered the process of enacting the planned curriculum. In other words curriculum implementation is the translation of a written curriculum into classroom practices) (Marsh and Will, 1999, भट्टद्वारा उदघृत २०६७ : २०१)।

पाठ्यक्रम कार्यान्वयनले जहाँसम्म तयार पारिएका पाठ्यक्रम सम्बन्धी योजनाहरू छन् त्यसलाई व्यवहारमा उतार्ने योजनाबद्ध कार्यलाई जनाउँछ । यो एकपल्ट कार्यक्रम विकास गरिसकेपछि त्यसलाई विभिन्न समूहहरू बीच पूर्व परीक्षणका लागि विस्तारित छलफल एवम् कार्यलाई समेट्ने एक तर्कसङ्गत चरण वा प्रक्रिया हो (Implimentations signifies putting into effect the curriculum plans so far developed. It is the logical step once a programme has been developed and piloted in involve extensive action by many parties) (Ranjitkar, 2010:30).

यसरी पाठ्यक्रम कार्यान्वयनलाई कसैले कार्यक्रमको सिर्जनाकर्ता र सो कार्यक्रम हस्तान्तरण गराईने पक्ष विचको अन्तरर्क्रियालाई मानेका छन् भने कसैले पाठ्यक्रममा भएका कुरा वास्तविक रुपमा प्रयोगमा ल्याउनु लाई मान्छन् । अत : पाठ्यक्रम कार्यानवयन भनेको लिखित रुपमा निर्माण गरेको पाठ्यक्रमलाई व्यवस्थित तरिकाबाट विशेष योग्यता र क्षमताको प्रयोग गरी विद्यार्थीहरूको माझ कक्षाकोठाको वातावरणमा लागु गराउनु हो ।

### २.१.२ पाठ्यक्रम कार्यान्वयनका चरणहरू (Stage of Curriculum Implementation)

पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया अन्तर्गत विभिन्न किसिमका कार्यहरू समावेश रहेका हुन्छन् । यी सम्पूर्ण कार्यलाई विद्यार्थीले पाठ्यक्रमद्वारा तोकिएका अवधिभित्र शैक्षिक उद्देश्य

प्राप्तिका लागि कार्यान्वयन गर्नुपर्दछ । जसका लागि योजनाबद्ध नीतिको आवश्यकता पर्दछ । कुनै पनि संस्था वा विद्यालयमा परिवर्तन कार्यान्वयनका लागि बहुकार्य पद्धति आवश्यक पर्दछ । वहुकार्य पद्धति (Multitask approach) भन्नाले परिवर्तनको सफल कार्यान्वयनका लागि चरणबद्ध रूपमा विभिन्न कार्यहरू अपनाउँदै कार्यान्वयन प्रक्रियालाई उच्च सीमामा पुऱ्याउने पद्धतिहरू भन्ने बुझिन्छ । सामान्यतया पाठ्यक्रम कार्यान्वयन निम्न तीनवटा चरणहरूमा हुने गर्दछ ।

*(i) सुरुवात (Initation)*

पाठ्यक्रम कार्यान्वयनको पहिलो अवस्था सुरुवात हो । सुरुवातको चरणमा कार्यान्वयन प्रक्रियाका लागि विभिन्न तरिकाहरू गर्ने कार्य समावेश हुन्छ । यस चरणमा विद्यालयले नव प्रवर्तनलाई विद्यालय संस्कृतिमा कसरी प्राप्त गर्ने वा लागु गर्ने भन्ने सम्बन्धमा विभिन्न प्रश्नहरूको उत्तर प्राप्त गर्नु पर्दछ । जस्तै : परिवर्तन कार्यान्वयनमा को को सभभागी हुने ? कसरि अपेक्षा गरिएको स्तरले त्यसलाई सहयोग गर्ने ? नयाँ विचार, नयाँ विधि, नयाँ अभ्यास वा नव प्रवतनका लागि कार्यान्वयन कर्ताहरूमा कति तत्परता छ ? यी प्रश्नहरू कार्यान्यनको सुरुवातको चरणमा पाठ्यक्रम विकास क्रियाकलापहरूमा सहभागी हुने व्यक्तिहरूसँग सम्बन्धित प्रश्नहरू छन् ।

*(ii) कार्यान्वयन (Implementation)*

पाठ्यक्रम कार्यान्वयनको दोस्रो चरण कार्यान्वयन गर्ने चरण हो । यस चरणमा भएका नया विचार, नयाँ विधि, नयाँ अभ्यास वा नवप्रवतनलाई कक्षाकोठा वा विद्यालयमा स्थान दिने र त्यसका लागि आवश्यक प्रयत्नहरू गर्ने कार्य समावेश हुन्छ ।

*(iii) संस्थापन (Institutionalization)*

पाठ्यक्रम कार्यान्वयनको तेस्रो चरण संस्थागत गर्ने चरण हो । परिवर्तित कार्यक्रमलाई शिक्षण संस्थाले आफ्नो कार्यक्रमको निरन्तर र नियमित रूपमा लागु गर्दछ त्यसैलाई निरन्तरता भनिन्छ । परिवर्तित कार्यक्रम वा नव प्रवतनलाई संस्थागत गराउनु नै पाठ्यक्रम परिवर्तन, प्रक्रियाको अन्तिम चरण हो । यस चरणमा नयाँ विचार, नयाँ विधि, नयाँ अभ्यास वा नवप्रवतनहरूको कार्यान्वयन पश्चात समग्र रूपबाट अनुगमन कार्य समावेश हुन्छ । अर्को शब्दमा लागु गरिएको वा लागु गराई सकिएको नवप्रवतनको अनुगमन गर्ने र त्यसलाई सहजताका साथ ग्रहण गर्ने कार्य समावेश हुन्छ ।

### २.१.३ पाठ्यक्रम कार्यान्वयनका नमूनाहरू (Models of Curriculum Implementation)

पाठ्यक्रम कार्यान्वयनका विभिन्न नमूनाहरू रहेका छन् । जुन निम्न छन् :

(i) परिवर्तन अवरोधहरूको सामना नमूना (Overcoming Resistance to Change Model)

(ii) संगठनात्मक विकास नमूना (Organizational Development Model)

(iii) शैक्षिक परिवर्तत नमूना (Educational Change Model)

*(i) परिवर्तन अवरोधहरूको सामना नमूना*

यस नमूनाको विकास Neal Gross ले गरेका छन् । नयाँ कार्यक्रमको कार्यान्वयनका लागि वा परिवर्तन प्रति परिचितका लागि कार्यान्वयन कर्ताहरूले नयाँ कार्यक्रमहरूको वकालत गर्ने व्यक्तिहरूलाई प्राप्त गर्नुपर्दछ । नयाँ कार्यक्रमको सफल कार्यान्वयनका लागि नयाँ नयाँ अभ्यास प्रति चेतनशिल व्यक्तिहरू पनि चाहिन्छन् । जसले नयाँ कार्यक्रमका सीमाहरू निर्धारण गन सकुन् । नयाँ नयाँ प्रयत्नहरूलाई प्रस्फुटित गर्न सकियोस । ORC model को रणनीति व्यवस्थापन र संगठनका सदस्यहरू बीच तथा विद्यालय प्रशासक र शिक्षकहरू बिच शक्ति सन्तुलन (Power Equalization) ल्याउनु हो । ORC model को प्रयोग गर्न पाठ्यक्रम नेतृत्वकर्ताहरूले आफ्ना सदस्यहरूमा चासोका पक्षहरू पहिचान गर्ने र वर्णन गर्ने कुरालाई स्वीकार गर्न सक्नु पर्दछ । तसर्थ केही विद्वानहरूले ORC model लाई concern-based-adoption model (ABC) model पनि भन्दछन् । यस नमूनाले एउटा मान्यता के पनि राख्दछ भने संगठनलाई परिवर्तन गरिनु भन्दा पूर्व व्यक्तिगत रूपमा व्यक्ति परिवर्तन हुनु जरुरी हुन्छ ।

*(ii) संगठनात्मक विकास नमूना*

यस नमूनाको विकास गराउने व्यक्ति Richard S. Schmack र Mathew B. Miles (1971, 1977) हुन् । पाठ्यक्रम कार्यानवयनको संगठनात्मक विकास नमूनाले पाठ्यक्रम कार्यान्वयनलाई सञ्चालन भइरहेको अवस्थामा हुने अन्तरक्रियात्मक प्रक्रियाको दृष्टिकोणबाट हेर्दछ । यो नमूनाले पाठ्यक्रम कार्यान्वयन कसरी गर्नुपर्दछ भन्नेमा जोड दिन्छ न कि पाठ्यक्रममा के गर्नु पर्दछ भन्ने सम्बन्धमा । यसले पाठ्यक्रम कार्यान्वयनका लागि व्यक्तिगत रूपमा व्यक्तिहरूले भविष्यलाई ध्यान दिनु हो । French र Bell को भनाईलाई उदघृत गर्दै Ornstein र Hunkins (2004) ले यस नमूनाका निम्न लिखित विशेषताहरू हुने उल्लेख गरेका छन् :

- संगठनका मुद्दाहरूलाई सम्बोधन गर्न सामुहिक कार्यमा जोड दिइनु पर्दछ ।
- समूह तथा अन्तरसमूह प्रक्रियाहरूमा जोड दिइनु पर्दछ ।
- कार्यमूलक/कार्यात्मक अनुसन्धानको प्रयोग गरिनु पर्दछ ।
- सम्पूर्ण प्रणालीको एउटा भागको रूपमा त्यसको संस्कृति प्रति परिचित र जानकार हुनु पर्दछ ।
- सहकार्यमा जोड दिइने पद्दतिलाई संगठन कै एउटा संस्कृतिको रूपमा विकसित गर्नु पर्दछ ।

- संगठनलाई हाक्ने व्यक्तिहरू कन्सल्ट्यानहरू र सहजकर्ताको रूपमा हुन भन्ने तथ्यलाई अनुभूति गर्नुपर्दछ ।
- संगठनका मौजुदा गतिशिलतालाई परिवर्तित वातावरण अनुसार बुझ्ने र त्यसका सवल पक्षहरूलाई पहिचान गर्नु पर्दछ ।

संगठनात्मक विकास नमूनाले पाठ्यक्रम कार्यान्वयन प्रक्रियालाई मानवीय क्रियाकलापहरू मान्दछन् । यस नमूनाले पाठ्यक्रम कार्यान्वयन प्रक्रियालाई कहिल्यै पनि पुरा नहुने र निरन्तर नयाँ विचारहरू चलिरहने व्यवस्थित प्रक्रियाको रूपमा मान्दछ । समय विकास क्रमसँगसँगै नयाँ कार्यक्रम सम्बन्धी नयाँ नयाँ विचारहरू आइरहन्छन । अत : संगठनको विकास पनि ति नयाँ नयाँ विचार, विधि वा सामग्रीको विकास सँगसँगै निरन्तररूपमा गरिरहनु पर्दछ र त्यो प्रक्रिया अविछिन्न रूपमा चलिरहन्छ भन्ने मान्यता यस नमूनाले राख्दछ ।

*(iii) शैक्षिक विकास नमूना*

यस नमूनाको विकास गर्ने व्यक्ति, Michac G. Fullan (1982) हुन् । पाठ्यक्रम सम्बन्धी प्रक्रियालाई प्रभावकारी बनाउनका लागि हामीले पाठ्यक्रम कार्यान्वयनको लक्षित अवधारणालाई गहन रूपबाट बुझ्नु पर्दछ । यस नमूना अनुसार नवप्रवतनको अभिवृत्तिका लागि कार्यक्रमले के गर्नेछ ? र त्यसले के समावेश गर्नेछ भन्ने दुईवटा प्रश्नहरू यस नमूनासँग सम्बन्धित प्रमुख प्रश्नहरू छन् । यस नमूनाका अनुसार विशेषज्ञ, शिक्षक, विद्यार्थी, विद्यालय समीति, समुदाय र सरकारी सदस्यहरूको पाठ्यक्रम परिवर्तन गर्नमा मख्य भूमिका रहेको हुन्छ ।

### २.१.४ पाठ्यक्रम कार्यान्वयन गराउने रणनीतिहरू (Strategies of Curriculum Implementation)

निर्माण गरिएको पाठ्यक्रमलाई कक्षाकोठामा लागु गर्न वा कार्यान्वयन गराउने विभिन्न रणनीतिहरू रहेका छन् । शैक्षिक परिवर्तनको रणनीति वा कार्यनीति भन्नाले भइरहेको वा चलिरहेको कार्यक्रमको सट्टामा अर्को नवपरिवर्तित कार्यक्रम ल्याउने वा नव परिवर्तित कार्यक्रमलाई कार्यान्वयनमा ल्याउने भन्ने अर्थ लाग्दछ । विभिन्न पाठ्यक्रम विद्हरूले पाठ्यक्रम कार्यान्वयनका रणनीतिहरू फरक फरक बताएका छन् । यसै सन्दर्भमा Robert Chin को भनाईलाई उदघृत गर्दै Ornstein र Hunkins (2004) ले निम्न तीन प्रकारका रणनीतिको प्रयोग गरी पाठ्यक्रम वा नव प्रवतित कार्यक्रमलाई कार्यान्वयनमा ल्याउन सकिन्छ भनेका छन् ।

(i) प्रयोग सिद्ध वा तार्किक रणनीति (Emprical-Rational Strategy )

(ii) मानाङ्कित वा पुनः शिक्षित रणनीति (Normative Re-educative Stragetgy)

(iii) शक्ति प्रयोग वा जवरजस्ति रणनीति (Power-Coercive strategy)

*(i) प्रयोग सिद्ध वा तार्किक रणनीति (Emprical-Rational Strategy )*

मानिस चेतनशिल प्राणि हो र उसले हरेक क्रियाकलाप तर्क विर्तक गरेर आफ्ना अनुभवहरूको आधारमा स्वीकार गर्ने वा अस्विकारगर्ने अवसर दिइन्छ भन्ने हो । तार्किक एवम् अनुभव जन्य रणनीतिको प्रमुख आधार भनेको मानवीय चेतना हो यस रणनीति अनुसार नवप्रवतनमा आवश्यकता अनुसार आफूलाई लागेको अनुभवको आधारमा आफ्नो तर्क वितर्कका आधारमा परिवर्तन गरिन्छ । परिवर्तित पाठ्यक्रममा समावेश गरिएका नयाँ ज्ञान, सीप, धारणाको बारेमा पहिला गोष्टि, कार्यशाला गरी जानकारी दिइन्छ । पाठ्यक्रम परिवर्तनका पक्षहरूका तार्किक विवेकपूर्ण, बौद्धिक वहस गरेर मानिसहरूलाई (पाठ्यक्रम परिवर्तनसँग सम्बन्धित सरोकार वाला व्यक्तिहरू) चित्त बुझाइ नव परिवर्तनलाई कार्यान्वनयमा ल्याइन्छ ।

विभिन्न सभा, गोष्ठी कार्यशाला सञ्चालन गरी नवपरिवर्तनका वारेमा व्यापक र वृहत जानकारी गराइन्छ । सभा सम्मेलन, छलफल, गोष्ठी, कार्यशाला आदिमा उेठका विभिन्न मुद्दालाई विवेकपूर्ण र तार्किक रूपमा समाधान गरिन्छ । यस विधिमा दोहोरो सञ्चार (Two-way Communication) हुन्छ । मानिसको रुचि, इच्छा, चाहना, उनीहरूको स्थानीय परिवेश सुहाउँदो परिवर्तन गरी पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याइन्छ ।

*(ii) मानाङ्कित वा पुनः शिक्षित रणनीति (Normative Re-educative Stragetgy)*

शिक्षा क्षेत्रमा निर्माण गरिएका नवप्रवतनहरू (कार्यक्रम वा पाठ्यक्रम) सबै तार्किक रणनीतिका आधारमा मात्रै कार्यान्वयन गराउन सकिँदैन । जसको लागि समाजका नागरिकहरूमा पूर्व स्थापित धार्मिक, सामाजिक, राजनीतिक, सामाजिक मूल्य मान्यतालाई परिवर्तन गरी उनीहरूको सोचाई विचार र चिन्तनमा परिवर्तन ल्याउनु पर्दछ । मानाङ्कित वा पुनः शिक्षित रणनीतिको प्रमुख सिद्धान्त भनेको मानिसको व्यवहारमा परिवर्तन ल्याई मानिसको धारणा वा दृष्टिकोण, प्रवृत्ति र व्यवहारमा परिवर्तन ल्याउनु हो । खास गरी मानिसको व्यवहारमा परिवर्तन २ किसिमले गर्न सकिन्छ । विशेषत : प्रतिनिधिको प्रयासबाट परिवर्तन कार्यक्रममा सहभागीहरू जसले प्रस्तावित नवप्रवतन प्रति विरोध जनाउँछन । तिनीहरूको व्यवहारमा परिवर्तन ल्याउने प्रयास गरिन्छ । दोस्रो तरिका भनेको सहभागिताहरूलाई प्रस्तावित परिवर्तनका बारेमा परिवर्तन प्रतिनिधिको सहायताबाट पुन : प्रशिक्षित गराई उनीहरूको विचार धारणामा परिवर्तन ल्याउन सकिन्छ ।

यस रणनीतिमा सरोकारवाला व्यक्तिहरूले आफ्नो धारणा, मूल्य मान्यता, दृष्टिकोण समस्या प्रतिको बास्तविक बुझाइका बारे सूचना, जानकारी प्राप्त गर्दछन् । त्यसपछि मानिसहरू दृष्टिकोण, प्रवृत्ति, धारणा र बुझाइलाई आवश्यक मात्रामा नवपरिवर्तन तर्फ परिवर्तन गर्न सकिन्छ । यो विधिको मुख्य विशेषता भनेको मानिसलाई (शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवाला व्यक्ति) नवपरिवर्तन तर्फ विश्वस्त बनाई हालको व्यवहारभन्दा फरक व्यवहार

देखाउन उत्प्रेरित गर्नु हो । यो विधिले वढी प्रजातान्त्रिक र सहभागितामूलक क्रियाकलापको माध्यमबाट नवपरिवर्तित कार्यक्रम वा पाठ्यक्रमलाई कार्यान्वयन गर्दछ ।

*(iii) शक्ति प्रयोग वा जवरजस्ति रणनीति (Power-Coercive strategy)*

शिक्षाको क्षेत्रमा परिवर्तनका लागि तयार पारिएको योजनालाई कतिपय अवस्थामा सहभागी व्यक्तिहरूले अस्वीकार गर्ने गर्दछन् । अस्वीकार गरेको अवस्थामा दमन गरेर, लादेर वा जवरजस्ती रूपमा तयार गरिएका परिवर्तनका कार्यक्रमहरू लागु गर्नु पर्ने पनि हुन्छ । यसरी वल प्रयोग गरी परिवर्तनलाई कार्यान्वयनमा ल्याउने रणनीतिलाई शक्ति प्रयोग रणनीति भनिन्छ । यस रणनीतिमा पुरस्कार र दण्डको नियन्त्रण प्रशासनिक निकायबाट हुने तर प्राप्त कार्यक्रमलाई स्वीकार गर्न मात्र पर्ने भएकोले यसलाई बल प्रयोग रणनीति भनिएको हो ।

पाठ्यक्रम परिवर्तन ल्याउन विद्यालयमा Power Coercive Strategy लाई प्रयोगमा ल्याउने गरिन्छ । यसमा नवप्रवतनलाई अन्तर आत्माबाटै नचाहँदा नचाँहदै पनि विवश भएर स्वीकार गर्न वाध्य बनाइन्छ । यसलाई Political administrative strategy अथवा top-down strategy पनि भनिन्छ । यस रणनीति अनुसार अख्तियार वाला व्यक्तिले नवप्रवतनलाई प्रयोग गर्न निर्देशन दिन्छन् अस्वीकार गरेमा जर्वजस्ति वल प्रयोग गरिन्छ । परिवर्तनलाई संस्थागत गर्न चाहनेहरूले वा छिटो छिटो परिवर्तन गर्न चाहनेहरूले यस रणनीतिको प्रयोग गरी नवप्रवतीत पाठ्यक्रम वा कार्यक्रमलाई कार्यान्वयन गराउँदछन् ।

## २.२ सम्बन्धित अध्ययनहरूको समीक्षा

सामाजिक शिक्षाको उद्देश्य अनुरुप विद्यालय तहमा शैक्षिक सामग्रीको प्रयोग, शिक्षण क्रियाकलाप, मूल्याङ्कन जस्ता कुरामा शिक्षकले के कस्तो भूमिका रही आएको छ सो बारेमा अध्ययन अनुसन्धान गरिएका छन् । सामाजिक अध्ययनसँग सम्बन्धित पूर्व अध्ययनहरू विविध छन् । प्राथमिक तहदेखि माध्यमिक तहसम्म सामाजिक अध्ययनको पाठ्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धमा हेर्ने हो भने त्यति सन्तोषजनक अवस्था नभएता पनि स्रोत साधनको अभावमा पनि सो विषयको पाठ्यक्रम कार्यान्वयनमा आएको छ ।

राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदन अनुसार निम्नमाध्यमिक तहको शिक्षालाई व्यवहारिक र गुणस्तरीय बनाउने शिक्षण सिकाइ प्रक्रियामा शैक्षिक सामग्रीको प्रयोगलाइ महत्त्वपूर्ण स्थान दिइएको छ । त्यसैगरी अन्य स्तरीय रा.शि.आ. २०५५ को प्रतिवेदनमा सरकारले निम्नमाध्यमिक शिक्षालाई गुणस्तरीय व्यवहारिक सर्वसुलभ बनाउनमा जोड दिएको छ । यसर्थ शिक्षा त्यो बेला व्यवहारिक र गुणस्तरीय हुन्छ, जुनबेला पाठ्यक्रम विद्यार्थी केन्द्रित सिकाइ प्रक्रियालाई जोड दिन्छ । यसलाई सम्बोधन गर्न स्थानीय तहमा पाठ्यक्रमको निर्माण तथा कार्यानवयन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

भण्डारी (२०६५) द्वारा लिखित "निःशूल्क प्राथमिक शिक्षा कार्यान्वयनको अवस्था" सम्बन्धी अनुसन्धान कार्य गर्दा निःशूल्क प्राथमिक शिक्षा कार्यान्वयनको अवस्था पहिचान गर्नु र कार्यान्वयनमा आइपरेका समस्याहरूमा पत्ता लगाउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको थियो । यस अध्ययनलाई झापा जिल्लाको सार्वजनिक विद्यालयहरू मध्ये मेचिनगर नगरपालिका भित्र एउटा विद्यालयमा सीमित गरिएको थियो । उहाँको अध्ययन अनुसार पाठ्यक्रम कार्यान्वयनमा विविध खालका समस्या औंल्याउनु भएको थियो । भौतिक पक्ष, आर्थिक, सामाजिक, शैक्षिक शिक्षक, योग्यताका निरीक्षणमा समस्या रहेको उल्लेख गरेका छन् ।

ऐरले (२०६७), "सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था" बारे अध्ययन गरेको देखिन्छ । यस अध्ययनको मुख्य उद्देश्य माध्यमिक तहमा अध्ययन गराइने सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनको प्रक्रिया तथा अवस्था पहिचान गर्नु, सामाजिक शिक्षाको पाठ्यक्रम कार्यानवयनमा देखिएका समस्याहरू पत्ता लगाउनु साथै यस समस्याका समाधानका उपायहरू पत्ता लगाउनु, यि उद्देश्यहरू पुरा गर्न उनले वैतडी जिल्लाको गाँजरी गा.वि.स. र शिवलिङ्ग गा.वि.स. मा रहेका एक/एक मा.वि. मा अध्ययन गरिएको रहेछ । यस अध्ययनबाट भौगोलिक विकटताको समस्या, स्रोत र साधनको कम उपलब्धता, मूल्याङ्कन तथा अनुगमन नहुनु, शिक्षकले समयमै पृष्ठपोषणको अभाव, समयमा पाठ्यपुस्तक नपुग्नु । आदि कारणले ती विद्यालयमा अध्यापन भइरहेका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसकेको कुरा यस अध्ययनमा उल्लेख गरिएको छ ।

रेग्मीले (२०६८), "प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको अवस्था" बारे अध्ययन गरेका छन् । यस अध्ययनका उद्देश्य प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वनयको अवस्था पत्ता लगाउनु, प्राथमिक तहमा स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धी सरोकारवालाहरूको धारणा पत्ता लगाउनु, यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यी उद्देश्यहरूलाई पुरा गर्न सुर्खेत जिल्लाको श्री सरस्वती मा.वि. कल्याण स्रोतकेन्द्र अन्तर्गत पर्ने १ वटा सामुदायिक आधारभूत तहमा यो अध्ययन गरिएको थियो । उनको यस अध्ययन अनुसार स्थानीय सरोकारवालाहरूको जनचेतनाको कमि, शिक्षकलाई तालिमको अभाव, भौतिक सामग्रीहरूको अभाव जस्ता कारणले स्थानीय तहको पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रिया प्रभावकारी रूपमा सञ्चालन भएको देखिँदैन ।

बञ्जाराले (२०६८), "सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक तहको पाठ्यक्रमको कार्यान्वयनको अवस्था" बारे अध्ययन गर्दा दुई विद्यालयको पाठ्यक्रम विभिन्न पक्षहरू बीच तुलना गर्नु र पाठ्यक्रमको प्रभावकारी कार्यान्वनमा आईपरेका समस्या र समाधानका उपायहरू पत्ता लगाउनु जस्ता उद्देश्यहरू निर्धारण गरेको देखिएको यो अध्ययन धापासी गा.वि.स. अन्तर्गत रहेका सरकारी विद्यालय र संस्थागत विद्यालय बीच गरिएको तुलनात्मक अध्ययनबाट सामुदायिक विद्यालययभन्दा संस्थागत विद्यालयमा अध्ययनको स्वतन्त्रता

कम हुनु, दुवै विद्यालयमा उपयुक्त र पर्याप्त फर्निचर, खेल सामग्री, खेल, मैदान अभाव, निरीक्षण र अनुगमनको अभाव, पाठ्यक्रमको अवधि स्पष्ट किटान नहुनु, समन्वय र समझदारीको अभाव, उपयुक्त मूल्याङ्कन प्रविधिको अभाव जस्ता कारणहरूले गर्दा पाठ्यक्रम निर्माण र कार्यान्वयनमा प्रभावकारी भएको देखिँदैन र त्यसलाई समाधान गर्ने प्रयास गरिएको पाइयो ।


यि विभिन्न अध्ययनमा उल्लेख भए अनुसार पाठ्यक्रम कार्यान्वयनको सम्बन्धमा विभिन्न समस्याहरू उत्पन्न हुनु र जसले गर्दा पाठ्यक्रम कार्यान्वयनमा वाधा उत्पन्न हुन गई अपेक्षित उपलब्धि हासिल हुन नसकेको कुरा छलङ्ग हुन्छ । कसैले प्राथमिक तहमा कसैले माध्यमिक तहका, कसैले सामुदायिक र संस्थागत विद्यालयको पूर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयनको तुलना सम्बन्धमा अध्ययन गरे र उनीहरूले अध्ययन गर्ने क्षेत्रमा पनि फरक फरक जस्तै पूर्वमा मेची, काठमाडौंको धापासी,नेपालगञ्जको सुर्खेत र सुदुरपश्चिमको पहाडी जिल्ला वैतडी रहेकाले पनि उनीहरूले निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थालाई कैलाली जिल्लाको सामुदायिक विद्यालयमा अध्ययन नगरेकाले अनुसन्धान कर्ताले कैलाली जिल्लामा सञ्चालित सामुदायिक विद्यालय श्री जनप्रिय उच्चमाध्यमिक विद्यालयमा “निम्न माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था” शीर्षकमा शोधपत्र तयार पार्ने कोशिस गरेको छ ।

## २.३ अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचा भन्नाले अध्ययन गर्ने अनुसन्धानकर्ताको मानसिक नक्सा हो । जसले अनुसन्धान गर्न मार्गचित्रण गर्दछ । निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न निम्न अनुसारको अवधारणात्मक ढाँचा तयार पारिएको थियो ।

तल उल्लेख गरिएको चार्टमा समावेश विषयवस्तुमा मात्र सीमित रहेर सूचना प्राप्त गर्नका लागि विभिन्न मूल्याङ्कन साधनहरू प्रयोग गरी आवश्यक सूचनाहरू सङ्कलन गरी प्राप्त सूचनाहरूको आधारमा ती विषयवस्तुहरूको विश्लेषण र व्याख्या गरी यस अध्ययनलाई पूर्ण रुप दिइएको छ ।

**निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयन अवस्था अध्ययनको लागि अवधारणात्मक ढाँचा**



## परिच्छेद तीन

## अध्ययन विधि

अनुसन्धान विधि भनेको कुनै पनि प्रकारका अनुसन्धानका लागि आवश्यक हुने सूचना तथा तथ्यहरू वा प्रमाणहरू वा वास्तविकताहरूको सङ्ग्रह गर्नका लागि अवलम्बन गरिने वृहत तरिका वा सयन्त्रलाई जनाउँछ । तथ्य सङ्कलन विश्लेषणका विभिन्न तरिकाहरूको एकीकृत स्वरूप नै वास्तवमा अनुसन्धान विधि हो । विधि भनेको तरिका हो, जसले अनुसन्धानलाई सहि मार्ग निर्देशन गर्दछ । अनुसन्धानका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ, विना योजना गरिने अनुसन्धान निश्चित लक्ष्यसम्म पुग्न सक्दैन तसंर्थ यो शोधअध्ययन विधि निम्नानुसार निर्धारण गरिएको थियो ।

### ३.१ अनुसन्धान ढाँचा

समस्याको अध्ययन अनुसन्धान गर्न निश्चित विधिहरू प्रयोग गर्नुपर्ने हुन्छ । कुनै अनुसन्धान अथवा खोजको योजना र रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ, जसले गर्दा अनुसन्धान सम्बन्धी प्रश्नहरूको उत्तर प्राप्त गर्न सजिलो हुन्छ । अर्को शब्दमा भन्दा अनुसन्धान कार्य सम्पन्न गर्नका लागि बनाइएको योजना वा रूपरेखालाई अनुसन्धान ढाँचा भनिन्छ । यसरी कुनै पनि समस्या र विषयवस्तुको बारेमा विस्तृत जानकारी प्रदान गरी निष्कर्षमा पुऱ्याउन मद्दत पुऱ्याउनुका साथै के कसरी अध्ययन कार्य गरिनेछ, त्यस कुरालाई प्रष्ट पार्ने काम गर्दछ । “अनुसन्धानका सम्पूर्ण पक्षलाई समेट्ने गरी तार्किक र स्पष्ट अर्थ दिने सबै क्षेत्रको अन्तरविरोध हटाउने र अपूर्णतालाई समेट्ने गरी अनुसन्धान ढाँचा तयार पार्नुपर्दछ” (खनाल, २०६७, ४७) । यसरी अनुसन्धानकर्तालाई व्यवस्थित रूपमा आफ्नो कार्य सम्पन्न गर्नका लागि अनुसन्धान पूर्व नै तयार पारिएको वृहत योजनालाई अनुसन्धान ढाँचा भनिन्छ ।

यस अनुसन्धानमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था र समस्या पत्ता लगाउनु भएकोले यसमा गुणात्मक अनुसन्धान ढाँचा चयन गरिएको छ । गुणात्मक अनुसन्धानको मुख्य उद्देश्य कुनै घटना, अवस्था, प्रक्रिया तथा समस्याको व्यापक गहिराईमा गएर सूचना सङ्कलन गरिने भएकाले यसमा प्रयोग हुने सूचना पनि शाब्दीक हुन्छन् । त्यसैले यस अध्ययनमा खुल्ला विस्तृत अन्तरवार्ता, कक्षा अवलोकन र लक्षित समूह छलफलको माध्यमबाट सूचनाको संकलन गरिनेछ । यसरी कुनै घटना, प्रक्रिया, अवस्था तथा समस्याको अध्ययन गर्ने उद्देश्ले नामरूपी वा क्रमागत स्केलमा संकलन गरिएका सूचनालाई तार्किक विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धान नै गुणात्मक अनुसन्धान विधि हो । तसर्थ यस अध्ययनको लागि सूचना सङ्कलन सर्वेक्षण ढाँचा निम्न बमोजिम रहेको थियो ।

**तालिका नं. ३.१**

**सूचना सङ्कलनको सर्वेक्षण ढाँचा**

| **क्र.सं.** | **उद्देश्य** | **सूचनाको स्रोत** | **साधनहरू** |
|---|---|---|---|
| १ | निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउनु | प्र.अ. | अन्तवार्ता प्रश्नावली |
| | | विद्यालय निरीक्षक | अन्तवार्ता प्रश्नावली |
| | | शिक्षक | अन्तवार्ता प्रश्नावली |
| | | विद्यार्थी | लक्षित समूह छलफल कक्षा अवलोकन फाराम |
| २ | निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या पहिचान गर्नु | प्रधानाध्यापक | अन्तवार्ता प्रश्नावली |
| | | वि.नि. | अन्तर्वार्ता प्रश्नावली |
| | | शिक्षक | अन्तर्वार्ता प्रश्नावली |
| | | विद्यार्थी | लक्षित समूह छलफल र कक्षा अवलोकन फाराम |

माथि उल्लेखित सामग्री तथा विधि प्रयोग गरी अध्ययनको लागि आवश्यक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

## ३.२ नमूना छनोट

नमूना जनसङ्ख्याबाट झिकिएको एक सानो समूह हो जसले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गर्दछ । अनुसन्धानकर्ता सम्पूर्ण जनसङ्ख्याको अध्ययन र विश्लेषण गर्न असमर्थ हुने भएकाले आफ्नो अध्ययन कार्यका लागि सम्भव हुन सक्ने गरी जनसङ्ख्याबाटै प्रतिनिधिमूलक केही एकाईहरूको छनोट गरिन्छ । तिनै एकाईहरूको गुणहरूका अध्ययन विश्लेषण गरेर प्राप्त निष्कर्षलाई सम्पूर्ण जनसङ्ख्यामा सामान्यीकरण गरिन्छ । अर्थात् नमूनाको अध्ययनबाट प्राप्त नतिजाकै आधारमा त्यसको नतिजा सम्पूर्ण जनसङ्ख्यामा पनि लागु हुन्छ भनि निष्कर्ष निकालिन्छ । नमूना छनोट गर्दा एउटा निश्चित नियमको आधारमा गरिनु पर्दछ । निश्चित पद्दती अपनाएर गरिएको छनोटबाट प्राप्त जनसङ्ख्याको प्रतिनिधित्व हुन सक्छ नमूना छनोटका लागि अवलम्वन गरिने त्यस्ता नियम वा पद्दतीलाई नमूना छनोट पद्दती भनिन्छ । नमूना छनोटलाई मुख्य गरी दुई वर्गमा विभाजन गरिन्छ ।

**(क) सम्भावनायुक्त नमूना छनोट**

सम्भावनायुक्त नमूना छनोट पद्दति यस्तो पद्दति हो जसमा जनसंख्याका प्रत्येक एकाईको छानिने सम्भावना बरावर हुन्छ । यसमा अनुसन्धानकर्ताको ईच्छा अनुसारका एकाई छनोट नभएर एउटा यस्तो विधि अपनाईन्छ जसमा जनसङ्ख्याका जुनसुकै सदस्यहरू पनि नमूनाका रूपमा छनोट हुन सकदछन् । यस्तो विधिलाई Random Sampling पनि भनिन्छ (खनाल, २०६७ : ६७) ।

**(ख) सम्भावनारहित नमूना छनोट**

कुनै जनसङ्ख्याबाट अध्ययनका लागि छनोट गरिने नमूना संयोगको आधारमा नभई पूर्व नियोजित सोच वा विचारको आधारमा नभई पूर्वनियोजित सोच वा विचारको आधारमा गरिन्छ । जसमा प्रत्येक एकाईहरूको नमूनाको रूपमा छनोट हुने सम्भाव्यता हुँदैन भने त्यसलाई सम्भावनारहित नमूना छनोट भनिन्छ । यस नमूइना छनोटको प्रक्रिया अनुसन्धानकर्ताको रुचि, अवाश्यकता र अवस्थामा निर्भर गर्दछ । यसका विविध स्वरूपमध्ये उद्देश्य पूर्ण नमूना छनोट विधि बढी महत्त्वपूर्ण छ ।

यस अनुसन्धान कार्यमा अनुसन्धानकर्ताको सूविधा र सहजताका आधारमा सम्भावना रहित नमूना छनोट विधि अन्तर्गत उद्देश्यपूर्ण नमूना छनोट विधिको प्रयोग गरी नमूना छनोट गरिने छ । अनुसन्धानकर्ताले जुन उद्देश्य अनुसार अनुसन्धान गर्दैछ, सो उद्देश्य परिपूर्तिका लागि आफ्नै वुद्धिविवेकद्वारा नमूना छनोट गर्ने विधि नै उद्देश्यपूर्ण नमूना विधि हो । यसमा अनुसन्धाकर्ताले एकाई छनोट गर्दा सान्दर्भिक र प्रमाणिक सूचना प्राप्त गर्न सक्ने आधारमा के कसरी नमूना छनोट गर्ने भनि आफै निर्णय गर्ने भएकाले यसलाई निर्णयात्मक नमूना छनोट (Judgment Sampling) पनि भनिन्छ । उद्देश्य पूर्ण नमूना छनोट विधिको प्रयोग गरी विद्यालय निरीक्षक, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीलाई निम्न रूपमा छनोट गरिएको थियो ।

### ३.२.१ विद्यालय छनोट

यस अनुसन्धानमा उद्देश्यपूर्ण नमूना छनोट विधिको प्रयोग गरी सेती अञ्चलको कैलाली जिल्ला, मसरिया गा. वि. स. मा सञ्चालित सामुदायिक विद्यालय श्री जनप्रिय उच्च मा. वि. मसूरिया ४ लिक्मा लाई छनोट गरिएको थियो । जसलाई अनुसूची १ मा दिइएको छ ।

### ३.२.२ प्रधानाध्यापक र शिक्षकको छनोट

छनोटमा परेको विद्यालयका प्र.अ. र कक्षा ६, ७ र ८ मा सामाजिक अध्ययन विषयलाई अध्यापन गराउने विषय शिक्षकलाई यस अध्ययनमा उत्तरदाताको रूपमा छनोट गरिएको थियो । जसलाई क्रमशः अनुसूची २ र ४ मा दिइएको छ ।

### ३.२.३ विद्यार्थीहरूको छनोट

नमूना छनोटमा परेका विद्यालयका कक्षा ६, ७ र ८ मा अध्ययनरत विद्यार्थीहरू मध्ये उद्देश्यपूर्ण नमूना छनोट विधिद्वारा जम्मा १० जना विद्यार्थीहरू हाजिरी रजिष्टरबाट १ केटा र केटी पर्ने गरी प्रत्येक कक्षाबाट छनोट गरिएको थियो । विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका प्रयोग गरी आवश्यक सूचनाहरू संकलन गरिएको थियो । जसलाई अनुसूची ५ मा दिइएको छ ।

### ३.२.४ विद्यालय निरीक्षकको छनोट

जिल्ला शिक्षा कार्यालय कैलालीमा रहेका विद्यालय निरीक्षकहरू मध्ये उद्देश्यपूर्ण नमूना छनोट विधिको प्रयोग गरीअनुसन्धान कर्ताको समय र पूर्व परिचित भएका कारणले उत्तरदाताको रूपमा छनोट गरिएको थियो । जसलाई अनुसूची ३ मा दिइएको छ ।

### ३.२.५ कक्षा छनोट

यो अध्ययन सम्पन्न गर्नको लागि अनुसन्धानकर्ताले निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउन श्री जनप्रिय उच्च मा.वि. का कक्षा क्रमशः ६, ७ र ८ लाई लिइएको थियो ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधनहरू

अनुसन्धानका क्रममा प्रयोग गरिने सूचना, तथ्य, प्रमाण जानकारी तथा आँकडाहरूलाई तथ्याङ्क (Data) भनिन्छ । अनुसन्धानमा परिकल्पनालाई परीक्षण गर्ने तथा अनुसन्धानलाई उद्देश्यमूलक बनाउनका लागि तथ्याङ्कको प्रयोग गरिन्छ । तथ्याङ्क नै अनुसन्धानका आधार भएकाले यसका अभावमा कुनै पनि अनुसन्धान पूरा गर्न सकिँदैन । अनुसन्धानकर्ता तथ्याङ्ककै माध्यमद्वारा उद्देश्य तथा गन्तव्यतर्फ उन्मुख हुने भएकाले तथ्याङ्कलाई अनुसन्धानको मेरुदण्डको रूपमा लिइन्छ । अनुसन्धान क्रममा आउने हरेक नयाँ उपलब्धिहरूलाई तथ्याङ्कद्वारा पुष्टि गर्नुपर्दछ । त्यसो गरिएको खण्डमा अनुसन्धान प्रमाणित हुन्छ । यसको वैधता र विश्वसनियता पनि प्रमाणमा नै आधारित हुने गर्दछ ।

शैक्षिक अनुसन्धानको प्रकृति अनुसार प्रयोग हुने तथ्याङ्कहरू अलग अलग हुने गर्दछन् । अनुसन्धान कार्यमा प्रयोगमा आउन सक्ने तथ्याङ्कलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ (खनाल, २०६७ : १४६)

**(क) प्रकृतिको आधारमा**

- परिमाणात्मक तथ्याङ्क
- गुणात्मक तथ्याङ्क

(ख) **मौलिकताको आधारमा**

- प्राथमिक तथ्याङ्क
- सहायक तथ्याङ्क

यस अध्ययनको उद्देश्यहरू पूरा गर्न छनोटमा परेका विद्यालय निरीक्षक, प्र.अ., शिक्षक, विद्यार्थी र विद्यालयबाट सूचना प्राप्त गर्नको लागि निम्न साधनहरूको प्रयोग गरिएको थियो ।

### ३.३.१ अन्तवार्ता प्रश्नावली

शैक्षिक अनुसन्धानको क्रममा प्राथमिक तथ्याङ्कहरू सङ्कलन गर्न विभिन्न विधिहरू मध्ये अन्तवार्ता पनि प्रमुख विधि हो । यो विधिमा दुई वा दुईभन्दा बढी व्यक्तिहरू आमने सामने (Face to Face) बसेर निश्चित उद्देश्य र प्रश्नहरूमा केन्द्रित भई दोहोरो वार्तालाप गरी सूचनाहरू संकलन गरिन्छ (खनाल, २०६७ : १६४) । अन्तरवार्ता विभिन्न प्रकारका हुन्छन् । प्रत्यक्ष अन्तवार्ता, अप्रत्यक्ष अन्तवार्ता, संरचित अन्तवार्ता र असंरचित अन्तवार्ता आदि यसरी अन्तरवार्ता एक सरल र सस्तो तथ्याङ्क संकलनको माध्यम हो । यो कुराकानीको सरल माध्यम मात्र नभई हाउभाउ शारीरिक चाल, हेराई र अनुहारको भावद्वारा व्यक्तिका आन्तरिक विचार भावनाहरू प्रस्फुटन गर्ने साधन पनि भएकाले यस अध्ययनमा, विद्यालय निरीक्षक, शिक्षक तथा प्र.अ.को धारणा सङ्कलन गर्न वि.नि. अन्तवार्ता प्रश्नावली, प्र.अ. अन्तवार्ता प्रश्नावली र शिक्षक अन्तरवार्ता लिइएको थियो । जसमा निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको बारेमा जानकारी लिनका लागि विभिन्न अन्तवार्ता प्रश्नहरू प्रयोग गरिएको थियो । जसलाई क्रमशः अनुसूची ६, ७ र ८ मा दिइएको छ ।

### ३.३.२ विद्यार्थीका लागि समूह छलफल निर्देशिका

गुणात्मक मूल्याङ्कन अनुसन्धानमा प्रयोगमा ल्याईने अर्को महत्त्वपूर्ण विधि लक्षित समूह छलफल (Focus Group Discussion) हो । लक्षित समूह त्यस्तो विशेष समुह हो जसको समान उद्देश्य, समान विशेषताहरू हुन्छन् । निश्चित आकार र निश्चित प्रक्रियाको आधारमा यसको सञ्चालन गरिन्छ (खनाल, २०६७ :पृ. ३३७) । कुनै पनि कार्यक्रम मुद्दा उत्पादन तथा सेवाहरूको बारेमा अध्ययन गर्न त्यस्ता पक्षहरूसँग सम्बन्धित व्यक्तिहरूको विचार भावना र धारणा बुझ्न जरुरी हुन्छ । उनीहरूको विचार र भावना बुझ्न सम्बन्धित समूहहरूको निर्माण गरी छलफल गराउनु लक्षित समूह छलफल हो ।

यस अध्ययनमा नमना छनोटमा परेको विद्यालयमा कक्षा ६, ७ र ८ मा अध्ययनरत ३० जना विद्यार्थीहरूमा लक्षित समूह छलफल सञ्चालन गरिएको थियो । निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयन गराउँदा के कस्ता समस्याहरू आउँछन् ? शिक्षकले कुन पाठ कसरी पढायो, कुन सामग्री प्रयोग गऱ्यो, गृहकार्य दिन्छ कि दिँदैनन्,

मूल्याङ्कन गर्छन् कि गर्दैनन् ? सो कुराको बारेमा सूचना सङ्कलन गर्नका निम्ती विद्यार्थी छलफल निर्देशिका तयार गरिएको थियो जसलाई अनुसूची ९ मा देखाइएको छ ।

### ३.३.३ कक्षा अवलोकन फाराम

अवलोकन विधि शैक्षिक कार्यक्रम स्थलमा प्रत्यक्ष उपस्थित भएर वस्तुस्थितिको सूक्ष्म जाँच गरी तथ्याङ्क सङ्कलन गर्ने विधि हो (खनाल, २०६६ : पृ. ३१२) । यस विधिमा अनुसन्धान कर्ता आफै वा अन्य सहयोगीहरूद्वारा प्रत्यक्ष अवलोकन गरी तथ्याङ्क सङ्कलन गर्ने भएकोले नतिजा भरपर्दो, विश्वसनिय र वैध हुन्छ । शैक्षिक अनुसन्धानका धेरै जसो प्रयोगहरू कक्षाकोठामा हुने गर्दछन् । शैक्षिक उद्देश्यको परिपूर्ति कक्षा शिक्षणको प्रभावकारी उपयोगबाट मात्रै सम्भव हुने भएकाले शिक्षामा गरिएका लगानीहरूको प्रभावकारी परिचालनका लागि गरिने अध्ययन अनुसन्धानले विद्यालय र कक्षाकोठाको अवलोकनमा बढी जोड दिन्छन् ।

यस अध्ययनमा नमूना छनोटमा परेको विद्यालयमा कक्षा ६, ७ र ८ मा सामाजिक अध्ययन विषयलाई अध्यापन गराउने शिक्षकले शिक्षण गरेको कक्षाकोठामा विषयवस्तुको प्रस्तुतीकरण कस्तो छ ? पाठको पूर्व तयारी कस्तो छ ? पाठयोजनाको निर्माण गरिएको थियो की थिएन । पाठ्यक्रमको प्रयोग गऱ्यो कि गरेन, शिक्षक निर्देशिकाको प्रयोग गऱ्यो की गरेन, के पाठको प्रकृति अनुरूप शैक्षिक सामग्रीको प्रयोग उपयुक्त र प्रभावकारी थियो ? विद्यार्थी सक्रियता कस्तो थियो ? विद्यार्थीको पाठ प्रति कस्तो प्रतिक्रिया रहयो ? पाठको अन्तमा मूल्याङ्कन गरियो ? मूल्याङ्कन गरिँदा कुन साधनको प्रयोग गरेको थियो ? के समयमा नै उक्त विषयवस्तु शिक्षण गरिएको थियो ? भन्ने सम्बन्धमा सूचना सङ्कलन गर्न कक्षा अवलोकन फाराम तयार गरिएको थियो जसलाई अनुसुची १० मा दिइएको छ ।

## ३.४ साधनको वैधता निर्धारण

साधनको वैधता भन्नाले अध्ययनका क्रममा तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका साधनहरूले अध्ययनको उद्देश्यलाई कुन हदसम्म पूरा गर्न सक्छ वा ती साधनले अध्ययनको सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व हुने गरी तथ्याङ्क संकलन गर्न सक्यो वा सकेन भन्ने कुरा बुझ्नु पर्दछ । यस अध्यनयमा प्रयोग भएका साधनलाई अन्तिम रूप दिनु अगाडी त्यसको विश्वसनियता एवम् उपयोगीता परीक्षण गर्नका लागि उक्त साधनको वैधता निर्धारण गरिएको थियो । यस अध्ययनको उद्देश्य हासिल गर्न साधनको निर्माण गरि सकेपछि सहपाठी मित्रसँग छलफल गरेर सुधार गरी शोध निर्देशक समक्ष प्रस्तुत गरिएको थियो । शोध निर्देशको राय सुझाव अनुसार परिमार्जन गरी उहाँकै सल्लाह अनुसार साधनलाई अन्तिम रूप दिइएको थियो ।

### ३.५ सूचना सङ्कलन प्रक्रिया

यस अध्ययनमा सूचना सङ्कलनका लागि अध्ययन क्षेत्रमा गएर सूचना संकलन गरियो सूचना सङ्कलन सहयोगका निम्ति क्याम्पसबाट सिफारिस पत्र लिई नमूना छनोटमा परेका विद्यालयमा गई विद्यालयका प्र.अ.लाई भेटी आफ्नो अध्ययनको उद्देश्य स्पष्ट पारी अध्ययन गर्ने अनुमति र सहयोग मागिएको थियो । सूचना दाताहरूसँग सुमधुर सम्बन्ध कायम गरी सूचना संकलनका लागि क्षेत्र नोटको प्रयोग गरिएको थियो । यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि नमूना छनोटमा परेको विद्यालयका सामाजिक अध्ययन विषय अध्यापन गराउने शिक्षक प्र.अ. र वि.नि.का लागि तयार पारिएको अन्तवार्ता प्रश्नावली, विद्यार्थीका लागि तयार पारिएको कक्षा अवलोकन फाराम र लक्षित समूह छलफलको माध्यमबाट निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयन सम्बन्धी सूचना प्राप्त गरिएको थियो ।

### ३.६ सूचनाको विश्लेषण प्रक्रिया

गुणात्मक विश्लेषणको एक मात्र उद्देश्य प्राप्तिहरूको निकास गर्नु हो वा संकलित सूचनाहरूबाट सार तत्व निकालेर त्यसलाई संरचना योग्य बनाउनु हो । यस अध्ययनका लागि आवश्यक पर्ने सूचना अध्ययनकर्ताले प्रत्यक्ष रूपमा अन्तवार्ता प्रश्नावली, कक्षा अवलोकन फाराम, लक्षित समूह छलफल निर्देशिका जस्ता साधनहरूबाट प्राप्त सूचनालाई वर्णनात्मक र तार्किक रूपमा विश्लेषण र व्याख्या गरी निष्कर्ष र सुझाव प्रस्तुत गरिएको थियो ।

# परिच्छेद चार

# तथ्याङ्कको विश्लेषण र व्याख्या

अनुसन्धान कार्यका लागि चाहिने आवश्यक तथ्याङ्क प्राप्त गरेपछि ति प्राप्त तथ्याङ्कलाई व्यवस्थित रूपले राखेर व्याख्या र विश्लेषण गर्नु पर्ने हुन्छ । “निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था” रहेको थियो । यस अध्ययनका निमित्त आवश्यक पर्ने सूचना सङ्कलन गर्न विद्यालय निरिक्षक प्र.अ. र शिक्षक अन्तवार्ता, कक्षा अवलोकन फाराम, तथा विद्यार्थी समूह छलफल निर्देशिका जस्ता साधनको प्रयोग गरिएको थियो । यो अध्ययन कैलाली जिल्लाको मसुरिया गा.वि.स.मा अवस्थित सामुदायिक विद्यालय श्री जनप्रिय उच्च मा.वि. मा सम्पन्न गरिएको थियो । यस विद्यालयका प्रधानाध्यापक कक्षा ६, ७ र ८ मा सामाजिक विषय अध्यापन गर्ने तीन जना शिक्षकहरू र कक्षा ६, ७ र ८ बाट प्रत्येक १०/१० जनाका दरले समूह छलफल गराई सूचना संकलन गरिएको थियो । त्यस्तै एक जना विद्यालय निरीक्षकसँग पनि सूचना संकलन गरिएको थियो । प्राप्त सूचना तल विश्लेषण एवम् व्याख्या गरिएको छ ।

## ४.१ सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

यस शीर्षक अन्तर्गत शिक्षकको व्यवस्था कस्तो छ ? यस पाठ्यक्रम कार्यान्वयनको योजनाको अवस्था पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग, शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था, शिक्षण विधिहरूको प्रयोग, शिक्षक क्रियाकलाप, विद्यार्थी क्रियाकलाप, मूल्याङ्कन प्रक्रिया लगायतका कुराहरू हेरिएको थियो । यसरी यस विद्यालयमा निम्न माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थालाई निम्न शीर्षकमा राखेर सूचना संकलन गरेको कार्यलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.१.१ शिक्षकको व्यवस्थापन

सामाजिक अध्ययन विषय एक अन्तरविधागत विषय भएकोले यो विषयको शिक्षणमा सामाजिक शिक्षाका विभिन्न विधाबाट आई.एड., वि.एड. र एम.ए/ एम.एड. गरेका शिक्षकहरू यो विषय अध्यापन गराई राखेको स्थिति थियो । गुणस्तरीय शिक्षा प्रदान गर्ने शिक्षकको योग्यता र तालिम निकै महत्त्वपूर्ण पक्ष हुन् । यस अध्ययन कार्यमा छनोटमा परेका ३ जना सामाजिक अधययन विषयका शिक्षकहरू मध्ये ६ कक्षामा अध्यापन गर्ने शिक्षकले शिक्षाशास्त्र संकायबाट आई.एड. गर्नु भएको रहेछ । त्यस्तै ७ कक्षामा अध्यापन गर्ने शिक्षकले जनसङ्ख्या मूल विषय लिई शिक्षाशास्त्र संकायबाट वि.एड. र कक्षा ८ मा अध्यापन गर्ने शिक्षकले मानविकी संकायबाट समाजशास्त्र तथा मानवशास्त्र विषयमा स्नातकोरतर र भूगोल विषयमा शिक्षाशास्त्र संकायबाट स्नातक गर्नु भएको रहेछ । शिक्षाशास्त्र संकायबाट अध्ययन गरेका हुनाले तिनै जना शिक्षकहरू

तालिम प्राप्त रहेको कुरा शिक्षक अन्तवाता प्रश्नावलीबाट प्राप्त भयो । यसरी यस विद्यालयमा रहेका ३ जना सामाजिक अध्ययन विषय अध्यापन गराउने शिक्षकको पृष्ठ भूमि तालिका नं. ४.१ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.१**

**सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकको पृष्ठभूमि**

| क्र.सं. | शिक्षक विवरण | कक्षा | | |
|---|---|---|---|---|
| | | ८ | ७ | ६ |
| १ | योग्यता | एम.ए. ⁄ बि.एड. | वि.एड. | आई.एड. |
| २ | विशिष्टिकरण विषय | समाजशास्त्र तथा मानवशास्त्र र भूगोल | जनसंख्या शिक्षा | जनसंख्या शिक्षा |
| ३ | तालिम | प्राप्त | प्राप्त | प्राप्त |
| ४ | अध्यापन अनुमति पत्र | प्राप्त | प्राप्त | प्राप्त |
| ५ | अनुभव वर्ष | ९ | ८ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका नं. ४.१ का अनुसार तिनवटै शिक्षकहरूले आवश्यक न्यूनतम योग्यता प्राप्त गरेका देखिए र शिक्षाशास्त्र संकायबाट अध्ययन गर्नु भएकोले तिनै जना शिक्षकहरू तालिम प्राप्त रहेका छन् । तर सम्बन्धित विषयमा कुनै पनि शिक्षक तलिम प्राप्त नरहेको पाइयो त्यसैगरी २ जना शिक्षक जनसंख्या विषयमा विशिष्टीकरण गरेको छ भने एक जना शिक्षकले मानविकी संकायबाट मानवशास्त्र र समाजशास्त्र विषयमा स्नातकोरुत्तर र शिक्षाशास्त्र संकायबाट भूगोल विषयमा स्नातक गर्नु भएको देखियो । तर कुनै पनि शिक्षकले सामाजिक अध्ययन विषयमा विशिष्टिकरण नगरीकनै यो विषय अध्ययन गराई राखेको स्थिति देखियो ।

त्यसैगरी तीनवटै शिक्षकहरूले अध्यापन अनुमति पत्र प्राप्त गरेका छन् । तिनै जना शिक्षकको शिक्षण अनुभव वर्ष ५ वर्षभन्दा बढी रहेको पाइयो । समग्रमा विषय शिक्षकको शैक्षिक अनुभवको सन्दर्भमा हेर्दा शिक्षकहरू अनुभवि र तालिम प्राप्त रहेको तथ्य विद्यालयको विवरणबाट देखियो ।

### ४.१.२ **पाठ्यक्रम कार्यान्वयनको योजना**

कुनै पनि कार्य विना योजना वा विना पूर्व तयारी गरियो भने त्यसले अपेक्षित उद्देश्य प्राप्त नगर्न पनि सकछ ।उपलब्ध साधन र स्रोतको उच्चतम् प्रयोग गरी अपेक्षित उद्देश्य प्राप्तिका लागि प्रभावकारी योजना आवश्यक पर्दछ । सुनियोजित रूपमा गरिएको कार्यबाट ठोस प्रतिफल प्राप्त हुन सकछ । तसर्थ कुनै पनि उद्देश्य प्राप्तीका लागि उपलब्ध सीमित स्रोत र साधनको

उच्चतम उपयोग गर्न बनाईने कार्यक्रमलाई योजनाका रूपमा लिन सकिन्छ (अधिकारी, २०६६, पृ. ३९४) । त्यस्तै अध्ययन अध्यापन वा शिक्षण सिकाई प्रक्रियाका सन्दर्भमा पनि योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शैक्षिक क्षेत्रमा राष्ट्र समाजले गरेको लगानीको उचित सदुपयोगका लागि प्रभावकारी शिक्षण चाहिन्छ । व्यवहारिक र सुनिश्चित शिक्षण कार्यका लागि शिक्षण योजना आवश्यक हुन्छ । विद्यार्थी स्तर राष्ट्रिय आवश्यकता, सामाजिक चाहना अनुसार तत्कालिन पाठ्यक्रमले निर्देश गरेका विषयवस्तुका बीचमा आवश्यक सन्तुलन, नियन्त्रण र तालमेल गरी निर्दिष्ट ज्ञान, सीप र सुझको विकास गराउन शिक्षण योजना आवश्यक हुन्छ । शिक्षण योजनाले मूलत : शिक्षण सिकाई क्रियाकलापलाई केन्द्रित बनाउँदछ । तसर्थ शिक्षण योजनाको मुख्य केन्द्र विन्दु भनेको दैनिक रूपमा तयार गरिने योजना हो । अर्थात् दैनिक पाठ्योजना वा दैनिक रूपमा कक्षामा गरिने शिक्षण सिकाई क्रियाकलापलाईं शिक्षण योजनाको मुख्य केन्द्रविन्दु मान्न सकिन्छ । तर दैनिक रपमा योजना बनाउने कार्य निकै कठिन र जटिल कर्या हो । तसर्थ दैनिक योजनालाई सहयोग पुऱ्याउन र सुनिश्चित बनाउन वर्षभरिमा आफूलाई प्राप्त हुने समयलाई विषयवस्तुको भार वा चाप विद्यार्थीको स्तर सामग्रीको पर्याप्तताका आधारमा दैनिक शिक्षणलाई सघाउ पुऱ्याउन वार्षिक तथा एकाई योजनाहरू आवश्यक पर्दछन् । त्यसैले शिक्षकले विद्यालयमा निम्न अनुसारका योजनाहरू बनाउनु पर्ने हुन्छ ।

- वार्षिक कार्ययोजना
- एकाइ योजना
- दैनिक समय तालिका
- दैनिक पाठयोजना

तसर्थ हरेक शिक्षकले कुनै पनि विषयवस्तु शिक्षण गर्नुभन्दा अगाडी के, किन र कसरी शिक्षण गर्ने विद्यार्थीलाई कुन कुन क्रियाकलापबाट सक्रिय गराउने भनेर स्पष्ट योजना बनाई त्यसलाई अनुसरण गर्नआवश्यक हुन्छ । तसर्थ शिक्षकले आफ्नो शिक्षण कार्यलाई सफल बनाउन शैक्षणिक योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालयमा गरिने सम्पूर्ण योजना कार्यान्यनको क्षेत्र भित्र पर्दछन् । शैक्षिक योजनाहरू नै शैक्षिक कर्याक्रमहरूलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्न आवश्यक पर्नेएक खाका हो । हरेक शिक्षकले आफ्नो शिक्षण कार्यलाई प्रभावकारी, उद्देश्यपूर्ण र व्यवहारिक बनाउन शैक्षणिक योजना निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

यस अध्ययनको नमूना छनोटमा परेको विद्यालयमा हेर्दा वार्षिक कार्ययोजना बनाइएको पाइयो । शिक्षकले दैनिक समय तालिका अनुसार अध्यापन गराई राखेको, दैनिक पाठयोजना नवनाएता पनि पूर्व तयारी पढउने पाठको सामग्री जुटाउनमा ध्यान दिने गरेको अवलोकन तथा शिक्षकसँगको अन्तवार्तामा प्राप्त गरिएको थियो । यस विद्यालयमा निम्न माध्यमिक तहका कक्षा ६,

७ र ८ का तीनवटा कक्षाहरू केही दिनको अन्तराल पछि अवलोकन गरिएको थियो । जसलाई तालिका नं. ४.२ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.२**

**पाठ्यक्रम कार्यान्वयनको योजनाको अवस्था**

| कक्षा अवलोकन | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| पहिलो अवलोकन | नबनाइएको | नबनाइएको | नबनाइएको |
| दोस्रो अवलोकन | नबनाइएको | बनाइएको | मानसिक रुपमा बनाइएको |
| तेस्रो अवलोकन | बनाएको | बनाएको | बनाएको |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका नं. ४.२ बाट के थाहा हुन्छ भने सामाजिक अध्ययन विषयलाई शिक्षण गर्दा शिक्षकसगँको अन्तक्रियाबाट प्रतिक्रिया बुझ्दा कक्षाको सुरुवात गर्दा पूर्वपाठको स्मरण गराएर गराउने जवाफ रहयो भने कक्षा अवलोकनको क्रममा तीनवटै कक्षामा पहिलो दिन पाठ पढाउँदा सिधै विषयवस्तुमा प्रवेश गरेको देखियो । दोस्रो दिन क्रमशः सुधार गरी गृहकार्य परीक्षण र केही प्रश्नहरू राखेर कक्षाको सुरुवात गरेको देखियो भने तेस्रो सिदनको कक्षाको सुरुवात मात्रै पूर्वपाठको स्मरण गराउनका साथै राष्ट्रिय गान गाएर प्रत्यक्ष विद्यार्थी सहभागिताद्वारा गराइएको पाइयो । शिक्षकले पाठयोजना निर्माण गर्ने गरेको बताए पनि विद्यार्थी छलफलबाट केही पनि योजना नबनाउने निष्कर्ष निकालिएको थियो भने कक्षा अवलोकन गर्दा तिनवटै कक्षाका ३/३ वटा कक्षा अवलोकन गर्दा पहिलो, दोस्रो दिनमा पाठयोजना नबनाईएको भेटियो भने तेस्रो दिन मात्रै तिनवटै कक्षाका शिक्षकले पाठयोजना निर्माण गरिएको भेटियो ।

समग्रमा हेर्दा अध्ययन क्षेत्रमा परेको विद्यालयका सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षकको अन्तवार्ता लिइएको थियो । जसमा ३/३ वटा कक्षा अवलोकन गरिएको थियो । पाठ्योजना निर्माण गर्दा कसैले बनाउने र कसैले नबनाउने, कसैले मानसिक रूपमा बनाउने तर अन्तिम दिनको अवलोकनमा भने तिन वटै शिक्षकले पाठ्योजना निर्माण गरी अध्यापन गराइएको स्थिति थियो ।

### ४.१.३ शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग

शिक्षक निर्देशिका एक प्रकारको शिक्षक भित्र हो । शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी बनाइ पाठ्यक्रम कार्यान्वयनलाई सफल बनाउनका लागि शिक्षक निर्देशन पुस्तिका महत्त्वपूर्ण हुन्छ । यसले शिक्षणमा आईपर्ने समस्या एवम् कठिनाईहरूको समाधान गर्न सही ढङ्गले मार्ग निर्देशन दिन्छ (अधिकारी, २०६६, पृ. २८२) । नेपालको परिवेशमा तालिम अप्राप्त शिक्षकको अधिक्यता रहेकोले व्यवस्थित र वैज्ञानिक ढङ्गले शिक्षण गर्न शिक्षक निर्देशिकाले शिक्षकलाई महत्त्वपूर्ण सहयोग पुग्दछ । यसमा शिक्षणसम्बन्धी सम्पूर्ण कुराहरू समावेश गरिएको हुने हुँदा

शिक्षक निर्देशिकाको प्रयोगले शिक्षण कार्यलाई सरल बनाउँछ । शिक्षक निर्देशन पुस्तिकामा एक शैक्षिक सत्र भरी अध्यापन गराइने विषयवस्तु, तिनका उद्देश्य, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण विधि, मूल्याङ्कन विधि, शीर्षकअनुसार नमूना प्रश्नहरू, आवश्यक घण्टी आदि दिइएको हुन्छ । यसरी शिक्षकले कुन कुन दिन कुन कुन पाठ अध्यापन गराउने, यसका लागि के कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने, कुन कुन विधि अपनाउने र मूल्याङ्कन कसरी गर्ने भन्ने कुरा निश्चित गरिएको हुन्छ । जसले गर्दा शिक्षण कार्यमा शिक्षक अल्मलिनु पर्दैन र निश्चित तोकिएको समयमा पाठहरू अध्यापन गराई पाठ्यक्रम कार्यान्वयन गराउन सम्भव हुन्छ ।

यस नमूना छनोटमा परेको विद्यालय सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको तराईको जिल्ला कैलालिको ४२ वटा गा.वि.स. मध्ये एउटा ग्रामिण गा.वि.स. मुसूरियामा अवस्थित हुनु र जुन विद्यालय अन्य ९ वटा विद्यालयको स्रोत केन्द्र र सोही विद्यालयमा उच्च मा.वि. र खप्तड बहुमुखी क्याम्पस पनि सञ्चालन भएकोले निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको शिक्षक निर्देशिका विद्यालयको पुस्तकालयमा रहेछ जुन पाठ्यक्रम विकास केन्द्रबाट जिल्ला शिक्षा कार्यालयमार्फत प्राप्त गर्दा रहेछन् । यस विद्यालयमा कक्षा ६, ७ र ८ मा तीन तीन वटा कक्षा अवलोकन गर्दा शिक्षक निर्देशिकाको प्रयोगको अवस्थालाई तालिका ४.३ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.३**

**शिक्षक निर्देशिकाको प्रयोग**

| **कक्षा अवलोकन** | **कक्षा ६** | **कक्ष ७** | **कक्षा ८** |
|---|---|---|---|
| पहिलो अवलोकन | गरिएन | गरिएन | गरियो |
| दोस्रो अवलोकन | गरिएन | गरियो | गरियो |
| तेस्रो अवलोकन | गरिएन | गरिएन | गरियो |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका नं. ४.३ बाट के थाहा हुन्छ भने सामाजिक अध्ययन विषयलाई शिक्षण गर्दा शिक्षकसँगको अन्तरर्क्रियाबाट प्रतिक्रिया बुझ्दा कक्षाको सुरुवात गर्दा शिक्षक निर्देशिका अनुरूप नै शिक्षण गराउने गरेको बुझियो तर कक्षा अवलोकन गर्दा ६, ७ र ८ कक्षाको पहिलो कक्षा अवलोकन गर्दा शिक्षक निर्देशिकाको प्रयोग नगरेको अवस्था थियो । जि.शि.का.बाट प्राप्त निर्देशिका विद्यालयमा उपलब्ध रहेको भए पनि त्यसको प्रयोग नगरेको अवस्था थियो । शिक्षकले पाठ्यपुस्तकमा भएका विषयवसतुमा मात्र तथा त्यसमा भएका क्रियाकलापमात्र गराउने गरेको अवलोकन तथा विद्यार्थी छलफलबाट पनि भेटियो । दोस्रो र तेस्रो दिनको कक्षा अवलोकनमा मात्रै शिक्षक निर्देशिकाको प्रयोग गरी पाठयोजना निर्माण गरी अध्यापन गराइएको भेटियो । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने शिक्षकहरूले अरुलाई देखाउनको लागि मात्र प्रयोग गरेको र अरु दिन शिक्षकले प्रयोगड नगरी सिध्याउने हिसावले पढाउने गरेको भन्न सकिन्छ । शैक्षिक सत्रको सुरु

भएकोले र देशको राजनीतिक फेरबदलसँगै झण्डै ३२ दिन सुदूरपश्चिमबन्दको प्रभावले गर्दा पाठ्यपुस्तक पनि सम्पूर्ण विद्यार्थीहरूको हातमा नपुगेको सो विद्यालयका प्रधानाध्यापले गुनासो पोखे ।

### ४.१.४ शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था

बालबालिकाहरूमा विभिन्न सीप तथा धारणाहरूको विकास गर्न एवम् उनीहरूको सिकाई अनुभव र सोचाई क्षेत्रको अभिवृत्ति विकास गर्ने शिक्षणमा विभिन्न सामग्रीको प्रयोग गर्न आवश्यक हुन्छ । सिकाईलाई दिगो एवम् अर्थपूर्ण बनाउन शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सिकाईलाई व्यवहारिक र उद्देश्यमूलक बनाउन शिक्षण कार्यमा प्रयोग गरिने सामग्रीलाई नै शैक्षिक सामग्री भनिन्छ (अधिकारी, २०६८/०६९ : ४९२) । अर्थात् शैक्षिक क्रियाकलापमा प्रयोग गरिने सामग्री नै शैक्षिक सागम्री भनिन्छ । शिक्षाको केन्द्रविन्दु नै विद्यार्थी भएकोले शिक्षकले कक्षामा अनुकुल वातावरण सिर्जना गरी अध्यापन कार्य सफल बनाउन शैक्षिक सामग्रीको उपयोग गर्न जरुरी हुन्छ । विषय, पाठअनुसार शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोग गर्न सक्नु नै प्रभावकारी शिक्षणको लक्षण हो । वास्तवमा शिक्षण गर्नु भनेको विद्यार्थीको व्यवहारमा अपेक्षित परिवर्तन ल्याउनु हो । कुनै पनि शिक्षकले पाठ्यपुस्तकमा दिइएका विषयवस्तु कक्षामा उभिएर एकोहोरो रूपमा भन्दैमा त्यसलाई शिक्षण मान्न सकिन्न शिक्षण हुनका लागि त शिक्षण सिकाई क्रियाकलापले विद्यार्थीको व्यवहारमा समूचित परिवर्तन ल्याउन सक्नु पर्दछ । अपेक्षित प्राप्ती भएमा मात्र त्यसलाई असल शिक्षण भन्न सकिन्छ । वास्तवमा शिक्षण भनेको विषयवस्तु, शैक्षिक सामग्री शैक्षिक वातावरणका साथै विभिन्न शिक्षण विधि प्रयोग गर्दै शिक्षक र विद्यार्थीद्वारा गरिने अन्तरक्रियात्मक क्रियाकलाप भएकोले शैक्षिक सामग्रीको पनि महत्त्वपूर्ण भूमिका रहन्छ ।

सामाजिक अध्ययनमा विविध प्रकृतिका पाठहरू समावेश गरी पाठ्यक्रम तयार गरिएका छन् । खास गरी यसमा प्रयोग गरिने सामग्री भन्नुपर्दा विभिन्न देशका नक्साहरू, ग्लोव, पोष्टर, चित्रहरू, चार्टहरू, यस विषयभित्र प्रयोग गरिने सामग्री हुन् । यस अधययनमा नमूना विद्यालयमा अवालोकन र शिक्षकसँगको अन्तवाता पछि सामग्रीहरू कतिपय शिक्षकले तयार गर्ने, केही विद्यालयले उपलब्ध गराई दिने, कतिपय विद्यार्थीले तयार गर्ने, संघसंस्थाले पनि पोष्टर उपलब्ध गराई दिने, भन्ने जानकारी प्राप्त भएको थियो । नमूना छनोटमा परेको विद्यालयमा सामाजिक विषय अध्यापन गराउँदा प्रयोग गरिने सामग्रीहरू मैले स्थलगत अध्ययन, तीन वटा कक्षा अवलोकन, शिक्षक र प्र.अ.सँगको अन्तवार्ता, विद्यार्थीसँगको छलफलबाट निम्नकुरा पाएको थिए ।

कक्षा अवलोकनको पहिलो दिन कक्षा ६, ७ र ८ कक्षामा क्रमशः समुदायको परिचय, विकास क्षेत्रको महत्त्व र शिक्षा पाठहरू शिक्षकले कुनै पनि शैक्षिक सामग्रीको प्रयोग विना नै अध्यापन गराइएको भेटियो (दैनिक रूपमा प्रयोग हुने शैक्षिक सामग्री बाहेक) । दोस्रो दिन कक्षा अवलोकनमा पनि कक्षा ६, ७ र ८ मा क्रमशः पाठहरू सामुदायिक सेवाको परिचय, सञ्चार,

खानेपानी र विद्युत्त, पढाईएका थिए । यसमा कक्षा ६ को शिक्षकले कुनै पनि शैक्षिक सामग्री विना नै अध्यापन गराउनु भयो भने कक्षा ७ को अवलोकन गर्दा सञ्चारका साधनको फोटो, मोवाईल सेट, टेलिफोन सेट प्रत्यक्ष अवलोकन गराएर अध्यापन गराइएको थियो । कक्षा ८ को अवलोकन गर्दा, खानेपानी र विद्युत्त पाठ पढाउँदा शिक्षकले खानेपानी र विद्यालयमा उपलब्ध विद्युतलाई प्रत्यक्ष देखाएर अध्यापन गराएको स्थिति थियो । त्यस्तै तेस्रो दिनको अवालोनमा कक्षा ६ को यातायात भन्ने पाठ शीर्षक अध्यापन गराउँदा विभिन्न यातायातका साधनको पोष्टर देखाई प्रत्यक्ष अवलोकन पनि गराईयो जुन विद्यालय महेन्द्र राजमार्गको नजिक रहेकोले प्रत्यक्ष अवलोकन पनि गराईएको थियो । कक्षा ७ को राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्ति पाठ शीर्षक अध्यापन गराउँदा शिक्षकले ती व्यक्तिहरूको फोटोलाई शैक्षिक सामग्रीका रूपमा देखाइएको थियो । त्यस्तै कक्षा ८ को पाठ शीर्षक राष्ट्, राष्ट्रिय गीत र राष्ट्रिय झण्डालाई अध्यापन गराउँदा नेपालको ठूलो भौगोलिक नक्सा, राष्ट्रिय गीत लेखिएको पोष्टर र राष्ट्रिय झण्डालाई नै कक्षामा देखाई प्रत्यक्ष अवलोकनबाट शिक्षण गराइयो भने राष्ट्रिय गानको अध्यापन गराउँदा पाठको सुरुवातमै विद्यार्थीलाई गाउन लगाएर प्रत्यक्ष संलग्न गराएर अध्यापन गराइयो ।

यसरी समग्रमा भन्नुपर्दा यस विद्यालयमा तीनवटा कक्षा अवलोकन गरी सामान्यीकरण गर्दा पाठ्यक्रम कार्यान्वयन गराउँदा शैक्षिक सामग्रीको प्रयोगको स्थिति न्यून नै देखिन्छ । किनकी शिक्षकले पहिलो दिनको कक्षा अवलोकनमा चै कुनै पनि शैक्षिक सामग्रीको प्रयोग नगर्नु र दोस्रो र तेस्रो दिन मात्रै प्रयोग गर्नुले के कुरामा निर्क्यौल गर्न सकिन्छ कि शिक्षकले खाली देखावटी रूपमा मात्रै शैक्षिक सामग्रीको प्रयोग गरेको जस्तो देखिन्छ । विद्यार्थीहरूलाई खाली पाठ्यपुस्तकलाई मात्र मुख्य आधार बनाई पाठ्यक्रम कार्यान्वयन गराई राखेको स्थिति पाईयो भने विद्यार्थीहरूले पनि सामग्रीको प्रयोग गरी अध्यापन गराई दिएमा राम्रो हुने कुरा राखेका थिए ।

### ४.१.५ शिक्षण विधिहरूको प्रयोगको अवस्था

विषयवस्तुले निर्दिष्ट गरेको उद्देश्य प्राप्त गर्न तथा विद्यार्थीलाई कुन माध्यमद्वारा ती ज्ञान, सीप र धारणाको हस्तान्तरण गर्ने भन्ने माधयम नै शिक्षण विधि हो । पाठ्यपुस्तकका क्रियाकलापहरूको प्रस्तुती गर्ने स्तरीय माध्यम नै शिक्षण विधि हो । सामाजिक अध्ययन विषयको पाठ्यक्रम विभिन्न ९ ओटा क्षेत्रलाई समेटेर एकीकृत रूपमा तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुहरूको अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्त्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयको एकीकृत रूपमा अध्यापन गराई विषयवस्तुको ज्ञान, सीप रधारणाको विकास गराउनु पर्दछ । विषयवस्तुको व्यवहारिक ज्ञान दिलाउनको लागि कक्षा भित्र वा बाहिर आ-आफ्नो टोल, समुदायसँग सम्बन्ध राखि समुदायसँग सम्बन्धित क्रियाकलापहरू गराउनु पर्दछ । यी विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतीलाई निरुत्साहित गरी विद्यार्थीहरूलाई आ-आफ्ना समुदायमा खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गरिनु पर्दछ । विद्यार्थीहरूलाई “गर र सिक” भन्ने धारणाको अभिवृद्धि गराउनु र विद्यार्थीहरूमा व्यवहारिक

परिवर्तन ल्याउनु नै सामाजिक अध्ययन विषयको मूल लक्ष्य हो । यो विषय अध्यापन गर्दा विभिन्न प्रकारका विद्यार्थी केन्द्रित शिक्षण विधिहरू प्रयोग गर्न सकिन्छ । केही नमूना विधिहरू यस प्रकार छन् : (अधिकारी, २०६८/०६९ : ३५८)

- प्रश्नोत्तर विधि
- प्रदर्शन विधि
- समस्या समाधान विधि
- छलफल विधि
- अवलोकन विधि
- खोज विधि
- अभिनय विधि
- परियोजना विधि
- प्रयोगात्मक विधि
- क्षेत्र भ्रमण विधि
- आगमन विधि

यस अध्ययनमा नमूना छनोटमा परेको विद्यालयमा सामाजिक अध्ययन विषय अध्यापन गराउने शिक्षकले खासगरी व्याख्यान विधि, छलफल विधि, प्रश्नोत्तर विधि, क्षेत्रभ्रमण, प्रत्यक्ष अवलोकन विधि जस्ता शिक्षण विधिको प्रयोग गरी अध्यापन गर्ने गरेको अवलोकन तथा विद्यार्थी छलफलबाट पाईयो । स्रोत साधन परिस्थिति र समयले साथ दिएमा सांस्कृतिक तथा धार्मिक स्थलमा भ्रमण गराउने गरेको प्र.अ. तथा शिक्षक अन्तवार्ताबाट पाइयो । यसका साथै कहिले काँही अन्य स्रोत व्यक्तिहरूद्वारा पनि अध्यापन गर्ने गरेको पाइयो । यस विषयमा विषय शिक्षकले कहिलेकाही स्थानीय सांस्कृतिक स्थलको भ्रमण गराउने गरेको, समय समयमा विद्यार्थीसँग छलफल गराउने अवस्था थियो । जि.शि.का बाट निरीक्षणका क्रममा विद्यालय निरीक्षक पुग्ने गरेको र सल्लाह सुझाव दिने गर्दा कक्षामा विद्यार्थीको उपस्थिति पनि राम्रो नै रहेको थियो । विद्यार्थीसँगको छलफलबाट पनि बढी जसो प्रवचन विधिको प्रयोग गरेको भएतापनि राम्ररी सम्झाउने गरेको पाइयो । अझै राम्रोसँग शैक्षिक सामग्री र विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरी शिक्षण गरेमा पर्ढाएका विषयवस्तु बुझिने थिए ।

समग्रमा शिक्षण विधिका सम्बन्धमा नमूना छनोटमा परेका विद्यालयमा बढी जसो प्रवचन विधिको प्रयोग गर्ने गरेको र छलफल, क्षेत्रभ्रमण जस्ता विषयमा कमिरहेको अवस्थामा यस विद्यालयमा नि.मा.वि. तहमा सामाजिक अधयापन विषयको पाठ्यक्रम कार्यान्वयन भई राखेको छ ।

### ४.१.६ शिक्षक क्रियाकलाप

शिक्षण सिकाई क्रियाकलापमा प्रत्यक्ष रूपमा सक्रिय सदस्यका रूपमा शिक्षक र विद्यार्थी रहेका हुन्छन् । वास्वतमा निश्चित उद्देश्य प्राप्तिको लागि कक्षाकोठा भित्र शिक्षक विद्यार्थी बीच हुने अन्तरक्रियाबाट प्राप्त हुने अनुभव शिक्षण सिकाई हो । शिक्षण सिकाइलाई प्रभावकारी बनाउने सन्दर्भमा शिक्षकको अहम् भूमिका रहेको हुन्छ । हुन त शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थी, विद्यालयका भौतिक, शैक्षिक सुविधा, विद्यालयको र समाजको वातावरण आदिको गहनतम् भूमिका रहेको हुन्छ । तापनि यी सबैको परिचालन गर्ने र तिनलाई सक्रिय पारी उद्देश्य प्राप्तिको स्थितिमा

पुऱ्याउने काममा शिक्षकको निर्णायक भूमिका रहेको हुन्छ । जसले पाठ्यक्रम कार्यान्वयनमा उचित टेवा मिल्दछ ।

बहुभाषा, बहुसंस्कृति, जातजाति, जनजाती, आदिका हिसाबमा नेपाल विधितामा एकता भएको राष्ट्र हो । राष्ट्रमा भएका सबै वर्ग, जाति, जनजाति, धर्म, संस्कृती आदि सबैमा विविधता भए जस्तै कक्षाकोठा भित्र पनि त्यसैको प्रतिबिम्ब हुन्छ । शिक्षकको प्रमुख चुनौति भनेको नै यस्तो विविधतापूर्ण परिवेशमा शिक्षण सिकाई क्रियाकलापलाई सरलीकरण गरी शिक्षणका उद्देश्यलाई परिपूर्ति गराउनु हो । सामाजिक, सांस्कृतिक, धार्मिक र भाषिक विविधताका साथै कक्षाकोठामा अपाङ्ग, बालमजदुर, साना बालबालिका आदि समेत एउटै कक्षामा रहेने हुँदा ति सबैलाई संयोजन गर्ने जिम्मेवारी शिक्षकको काँधमा रहन्छ । कक्षाकोठाको यस परिस्थितिलाई सहज रूपमा परिचालन गर्ने सीप सम्बन्धित शिक्षकमा हुनु आवश्यक छ (अधिकारी, २०६८/०६९ : ३११) । विद्यालयमा शिक्षक एउटा नमूना व्यक्तिको रूपमा उपस्थित हुनुले विद्यार्थीहरू शिक्षक प्रति आकर्षित र शिक्षकका बानी व्यवहार नक्कल गर्ने गर्दछन् । त्यसकारण शिक्षकले शिक्षकमा हुनुपर्ने गुण बोकेर कक्षा कोठामा उपस्थित हुनु पर्ने हुन्छ ।

विद्यालयका सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षकहरूको अन्तवार्ता लिइएको थियो भने प्रत्येक कक्षामा ३/३ कक्षा अवलोकन गरिएको थियो । सामाजिक शिक्षा शिक्षण गर्दा शिक्षकसँगको प्रत्यक्ष अन्तवार्ताबाट प्रतिक्रिया बुझ्दा कक्षाको सुरुवात गर्दा पूर्णपाठको स्मरण गराउने, पाठशीर्षकबाट र विषयवस्तुको बारेमा विद्यार्थीलाई प्रश्न गर्ने जवाफ आयो भने कक्षा अवालोकन गर्दा पाठका शीर्षकबाट र गृहकार्य परीक्षणबाट सुरु गरेको देखियो । पाठयोजना निर्माण गर्दा कसैले बनाउने, कसैले मानसिक रूपमा बनाउने भन्ने जवाफ रह्यो भने कक्षाकोठा भित्र कुनै पनि शिक्षकले पहिलो दिनको कक्षा अवलोकनमा भेटिएन भने दोस्रो र तेस्रो दिनको कक्षा अवलोकनमा मात्रै पाठयोजना निर्माण गरेको भेटियो । शैक्षिक सामग्रीको बारेमा प्रतिक्रिया लिँदा विद्यालयमा ग्लोब, नक्सा, चित्रहरू र स्थानीय शैक्षिक सामग्रीको प्रयोग गर्ने जवाफ रहयो भने कक्षा अवलोकनमा खाली दैनिक रूपमा शिक्षणमा प्रयोग गरिने शिक्षण सामग्री, पोष्टर, फोटो, चार्टको मात्र प्रयोग गरी शिक्षण गरेको भेटियो । त्यसैगरी शिक्षण सिकाइ गर्दा विभिन्न शिक्षण विधिहरू छलफल, क्षेत्र भ्रमण, अवलोकन, प्रयोगात्मक, अभिनय, विधि प्रयोग गरी शिक्षण गर्ने जवाफ शिक्षकहरूको रहयो । तर कक्षा अवलोकन र विद्यार्थी छलफलबाट बढीभन्दा बढी व्याख्यान विधिमा जोडदिने गरेको कुरा थाहा पाईयो । शिक्षक निर्देशिकाको उपलब्धमा विद्यालयमा भए पनि पाठ्यपुस्तकलाई नै आधार मानि शिक्षण गरिरहेको भेटियो ।

समग्रमा भन्नुपर्दा नमूना छनोटमा परेका विद्यालयमा विद्यार्थीको अत्यधिक चापका कारण विद्यार्थी होहल्ला, विभिन्न भाषा भाषिका विद्यार्थी, अव्यवस्थित बसाई, भौतिक संरचनाको अभाव, शैक्षिक सागम्रीको अभाव र देशको राजनीतिक प्रभाव, बन्द हड्तालले गर्दा समयमा पाठ्यपुस्तक नै अभावका बेला यस विषयको पाठ्यक्रम कार्यान्वयन गराउन निकै गाह्रो परेको कुरा कक्षा

आठमा सामाजिक अध्ययन गर्ने शिक्षक श्री प्रेम बहादुर सिंहले गुनासो पोखे । त्यस्तै, विद्यार्थी छलफलबाट पनि के कुरामा निष्कर्ष निकाल्न सकिन्छ भने विद्यालय सञ्चालन भएको एक महिनाभन्दा बढी भई सक्दा पनि पाठ्यपुस्तक प्राप्त नहुनुले पढाईमा निकै वाधा परेको रहेछ । यसरी यस विद्यालयमा यि र यस्ता थुप्रै समस्याहरू रहे पनि शिक्षकले भरपुर मिहिनेतका साथ विद्यालय सञ्चालन भएको दिनमा पढाई यस विषयको पाठ्यक्रम कार्यान्वयन गरी रहेको अवस्था थियो ।

### ४.१.७ विद्यार्थी क्रियाकलाप

शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीको सहभागिता रहन्छ । विद्यार्थी शिक्षण सिकाईको केन्द्रविन्दु हुन् । शिक्षा प्रणालीका प्रमुख लगानी विद्यार्थी नै हुन् । विद्यार्थी विना शिक्षा सम्भव हुँदैन । वास्तवमा सम्पूर्ण शिक्षा प्रणाली नै विद्यार्थीका लागि सिर्जित हुन्छ । विद्यार्थीलाई नै केन्द्रविन्दु बनाएर शिक्षाका उद्देश्य, संरचना, भौतिक, शैक्षिक सामग्री व्यवस्था, शिक्षक, विद्यालय आर्थिक स्रोतको लगानी गरिन्छ । यसरी समग्रमा भन्नु पर्दा समग्र शैक्षिक प्रणालीमा गरिने सबै भौतिक एवम् मानविय लगानी विद्यार्थीकै लागि गरिन्छ तसर्थ शिक्षाका हरेक क्रियाकलाप र कार्य विद्यार्थीलाई केन्द्र विन्दु बनाएर गरिनु पर्दछ । पाठ्यक्रमका उद्देश्यले पनि विद्यार्थी कै रुची र आवश्यकताको प्रतिनिधित्व गर्नु पर्दछ । शिक्षण सिकाई क्रियाकलाप पनि विद्यार्थी केन्द्रित नै हुनुपर्दछ । अनिमात्र विद्यार्थीहरूले सिकेको ज्ञान, सीप, अभिवृद्धिलाई आफ्नो जीवनमा प्रयोगमा ल्याउन सक्छन् । विद्यार्थी सहभागिताले शिक्षकलाई शिक्षण गर्ने सामग्रीको व्याख्या गर्न तथा प्रयोगमा आएका समस्या समाधान गर्न सजिलो हुन्छ । जसले गर्दा पाठ्यक्रम कार्यान्वयन गर्न सजिलो हुन्छ ।

नमूना छनोटमा परेको विद्यालयको कक्षामा हरेक वर्ग, समुदाय जातजाति, संस्कृति धर्म स्तर र योग्यताका विद्यार्थीको जमघट रहेको रहेछ । त्यस आधारमा हेर्ने हो भने उनीहरूले एउटाबाट अर्कोले विविध प्रकारको सिकाई गर्न सक्छ । विभिन्न समुदायको वाक्लो वस्तीका कारण यो विद्यालयमा विद्यार्थीको चाप अत्यधिक रूपमा रहेको रहेछ । यस विद्यालयमा कक्षा ६, ७ र ८ मा २/२ वटा सेक्सन रहेछन् । मैले कक्षा अवलोकन र विद्यार्थी छलफलमा सहभागिता प्रत्येक कक्षाको सेक्सन 'A' बाट संलग्न गराइएको थिए । जसमा प्रत्येक कक्षामा क्रमशः ७०, ८० र ७२ जना विद्यार्थी रहेको कुरा विद्यालयको हाजिरी रजिष्टरबाट प्राप्त भयो । कक्षामा विद्यार्थीको उपस्थिति कतिसम्म हुन्छ भन्ने सन्दर्भमा शिक्षकबाट मध्यम खालको उपस्थिति हुने कुरा प्राप्त भएको थियो । शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थी सक्रियता ठिक ठिकै थियो । विद्यालयमा भौतिक सुविधाको अभावका कारण एउटै बेञ्चमा ६/७ जना विद्यार्थी मिलेर बसेको र सम्पूर्ण विद्यार्थी विद्यालयको ड्रेसमा नै देखिन्थे । पुस्तक अभावका कारण एउटै पुस्तक पनि३/४ जना विद्यार्थीले मिलेर हेर्ने गरेको कुरा पनि कक्षा अवलोकनमा देखियो । शिक्षक प्रतिको दृष्टिकोण पनि एकदमै राम्रो रहेको कुरा शिक्षक कक्षामा प्रवेश गर्दा पूरै विद्यार्थी उभिएर शिक्षकलाई आदर गरेको

कुराबाट पनि प्रष्ट हुन्छ कि विद्यार्थीको अत्यधिक चापका कारण पनि मिलेर बसी एक आपसमा सहयोगी भावनाको विकास गरी अध्ययन गरिरहेको स्थिति थियो । कक्षाकोठा साघुरो र फर्निचरको अभाव रहेको भए तापनि यो विषय शिक्षणमा विद्यार्थी सहभागिता पूर्ण रहेको छ ।

### ४.१.८ **मूल्याङ्कन तरिका**

शैक्षिक क्षेत्रमा विभिन्न तहका मूल्याङ्कन गर्न सकिन्छ । सुरुमा कक्षा क्रियाकलाप र शिक्षण सिकाइका क्रममा पनि विभिन्न साधनको प्रयोग गरी विद्यार्थीको प्रगतिको मूल्याङ्कन गर्न सकिन्छ । विद्यार्थी स्वयम्ले पनि आफूले सिकेका अनुभव गरेको र सम्पन्न गरेका कार्यका आधारमा सिकाई प्रगतिको लेखाजोखा गरी शिक्षकलाई आफ्नो शिक्षक क्रियाकलापमा आवश्यक सुधार गर्न सघाउँछ (अधिकारी, २०६८ : ५२७) । यसरी शिक्षण सिकाईका क्रममा विद्यार्थीको प्रगतिको लेखाजोखा गरी त्यसका आधारमा शिक्षण सिकाइ कार्यमा निरन्तर सुधार गरिने भएकोले मूल्याङ्कनलाई शिक्षण सिकाई प्रक्रियाकै एउटा अभिन्न अङ्का रूपमा लिईन्छ । विद्यार्थीको समग्र उपलब्धिलाई परीक्षा तथा अन्य साधनबाट पनि परीक्षण गरिन्छ । त्यसरी प्राप्त नतिजाको विश्लेषण गरी त्यसको व्याख्या र विश्लेषणमा पनि मूल्याङ्कनको अहम् भूमिका  हुन्छ । यसरी समग्र शैक्षिक कार्यक्रमकै सिंगो रूपमा मूल्याङ्कन गरेर कार्यक्रम कै कमिकमजोरी भए सुधार्ने सन्देश समेत मूल्याङकनले दिने हुँदा शैक्षिक क्षेत्रमा मूल्याङ्कनको अति महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

पाठ्यक्रममा समावेश गरिएका विशिष्ट उद्देश्यहरू र तिनका विषयवस्तुको आधारमा विद्यार्थीहरूको सिकाई उपलब्धिहरूको मूल्याङन हुनु पर्दछ । पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य पूर्ति भए वा भएनन् भन्ने कुराको लेखाजोखा गर्ने प्रक्रिया नै मूल्याङ्कन हो । विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई आवश्यकताअनुसार अवलम्वन गर्नुपर्ने हुन्छ । प्रत्येक पाठको शिक्षण पश्चात् निर्धारित शैक्षणिक उद्देश्य तथा सञ्चालित शिक्षण सिकाई क्रियाकलापका अवस्थामा कक्षाको वातावरण अनुसार प्रश्न सोधिनुका साथै विद्यार्थीको बालमनोविज्ञान र कार्य सम्पादनको आधारमा समेत लिनु पर्दछ ।

नमूना छनोटमा परेको विद्यालयमा मूल्याङ्कनको अवस्था हेर्दा शिक्षकले गृहकर्या कहिले काहि दिने गरेको, त्यसमा पनि बनाएको नबनाएको पनि कहीले काही हेर्ने गरेको, पाठको अन्त्यमा प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने गरेको पाइयो । वर्षमा तीनपटक परीक्षा लिने गरेको रहेछ । प्रथम त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा र वार्षिक परीक्षाबाट मूल्याङ्कन गर्ने गरेको अवस्था रहेको यस बाहेक अतिरिक्त क्रियाकलाप, घटनावृत्त अभिलेख, अवलोकनबाट पनि मूल्याङ्कन गर्ने गरेको पाइन्छ । मूल्याङ्कन कै लागि एकाई परीक्षा गर्ने गरेको शिक्षकसँगको प्रत्यक्ष अन्तवार्ता र विद्यार्थीसँगको छलफलबाट प्राप्त भएको थियो । शिक्षण सिकाईको क्रियाकलाप गर्दा शिक्षकले सिकाइको उद्देश्य, शिक्षण सिकाइको योजना, विद्यार्थी उपलब्धीको मूल्याङ्कन र पृष्ठपोषण गर्नुपर्ने

देखिन्छ । तर छनोटमा परेको विद्यालयका शिक्षकसँगको प्रत्यक्ष अन्तवार्तामा यि कुरा समावेश गरेको प्रतिक्रिया आए पनि कक्षा अवलोकन र विद्यार्थीहरूसँगको लक्षित समूह छलफलबाट शिक्षकले पाठयोजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग, मूल्याङ्कन, गृहकार्य कहिलेकाही मात्र दिएको, मूल्याङ्कन नगरिएको खाली मौखिक प्रश्नमात्रै प्रयोग गरेको र पृष्ठपोषण नदिइएको देखियो । लक्षित समूह छलफलको क्रममा विद्यार्थीहरू शिक्षकले शिक्षण गरेको विषयवस्तुमा सन्तुष्टि भएको प्रतिक्रिया आएको देखिन्छ भने अतिरिक्त क्रियाकलाप गराउँदा सबै विद्यार्थीहरूको रुँचि हुँदाहुँदै पनि चाप बढी भएकाले सहभागि हुने अवसर नपाईएको विद्यार्थीहरूसँगै गरिएको लक्षित समूह छलफलको क्रममा तपाईको विद्यालयमा पुरुस्कार र दण्डको व्यवस्था छ कि छैन् भन्दा विद्यार्थीको जवाफ छ भन्ने थियो । कहिले काहीँ कक्षाका विद्यार्थीहरूसँग भै-भगडा गर्दा, कक्षामा बोल्दा, शिक्षण गरेको प्रश्नको जवाफ दिन नसक्दा, दण्ड सजाय दिने गरेको पाइयो । परीक्षामा प्रथम, हुँदा विद्यालयमा राम्रो अनुशासन देखाएमा वा अतिरिक्त क्रियाकलापमा राम्रो प्रदर्शन गर्न सकेमा पुरस्कारको व्यवस्था गरिने देखिन्छ ।

### ४.२ पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू

वर्तमान अवस्थामा उपयोग भई रहेको पाठ्यक्रमलाई नयाँ परिवर्तीत पाठ्यक्रमले प्रतिस्थापन गर्दा, पाठयक्रम कार्यान्वयनमा ल्याउँदा शिक्षक र कर्मचारीमा पनि परिवर्तन ल्याउनुपर्दछ । वर्तमान समयमा नयाँ पाठय्क्रम कार्यान्वयन सफल नहुनुको कारण विद्यालयको वास्तविक अवस्था र त्यहाँको संस्कृति, समुदायको माग आदिलाई बेवास्ता गरिनु हो । नेपालको सन्दर्भमा हेर्ने हो भने पाठ्यक्रमलाई निर्माण गर्ने काम विज्ञहरूबाट हुन्छ तर जुन विज्ञहरू विद्यालय भन्दा बाहिर हुन्छन् र उनीहरूलाई विद्यालयको स्थानीय धर्म संस्कृति मूल्य-मानयता, रीतिरिवाज, आवश्यकता आदिको बारेमा जानकारी नहुन सक्छ । जसले गर्दा स्थानीय तहमा पाठ्यक्रम कार्यान्वयन त्यति सफल भएको पाइदैन । पाठ्यक्रमलाई जतिसुकै राम्रो बनाए पनि कार्यान्वयन राम्रोसँग भएन भने सफल पाठ्यक्रम भएको मानिँदैन । एउटा परिवर्तीत नयाँ पाठ्यक्रम कार्यान्वयन गर्दा विद्यालयका कर्मचारी, शिक्षक र प्रशासनले परिवर्तनलाई स्वीकार नगर्नु, विद्यालयमा जे जस्तो क्रियाकलाप वा विषयवस्तु प्राचिन समयदेखि सञ्चालित हुँदै आएका छन् । त्यसैलाई नै ग्राह्यता दिन्छन् । जुन पाठ्यक्रम कार्यान्वयनको एक समस्या हो । त्यसै गरी विद्यालयमा कर्मचारी शिक्षक, प्रशासन र समुदायका मानिसहरूको रुची र चाहना नै नहुनु पनि पाठ्यक्रम कार्यान्वयनको समस्या (Problems of Curricalum Implementation) हो (जोशी, २०६६ : पृ. १७१) । अध्ययनका क्रममा विद्यालय निरीक्षक, प्रधानाध्यापक, तीन जना विषय शिक्षकसँग गरेको अन्तवार्ता, कक्षा अवलोकन, विद्यार्थीहरूसँगको छलफलबाट यस विद्यालयमा निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरूलाई तालिका नं. ४.४ मा उल्लेख गरिएको छ :

**तालिका नं. ४.४**

**पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू**

| क्र.सं. | समस्याहरू | वि.नि. | प्र.अ. | शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|---|
| १ | शैक्षिक सामग्रीको अभाव | | | | |
| २ | भौतिक पूर्वाधारको अभाव | | | | |
| ३ | विद्यार्थीको अत्यधिक चाप | | | | |
| ४ | शिक्षक तालिमको कमी | | | | |
| ५ | शिक्षक केन्द्रित विधिले कक्षामा बढी स्थान पाउनु | | | | |
| ६ | व्याख्यान विधिको बढी प्रयोग | | | | |
| ७ | लगानीको अभाव | | | | |
| ८ | भौगोलिक भ्रमणको अप्रयाप्तता | | | | |
| ९ | अनुगमन तथा निरीक्षणको अभाव | | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तलिका नं. ४.४ बाट के थाहा हुन्छ भने यस विद्यालयमा पाठ्यक्रम कार्यान्वयन गर्दा धेरै समस्याहरू रहेका रहेछन् । ति विभिन्न समस्याहरूका बाबजुत पनि पाठ्यक्रम कार्यान्वयन गरिरहेको स्थिति रहेछ । यस विद्यालयमा विद्यार्थीको अत्यधिक चाप रहेको र जसले गर्दा एउटा कक्षामा ७०/८० जना विद्यार्थी राखेर अध्यापन गराउनु परेको गुनासो त्यस विद्यालयमा प्रधानाध्यापकले गर्नुभयो भने अर्कातिर यस विषयलाई अध्यापन गर्नचाहिने पर्याप्त पाठ्यसामग्री पनि समयमा उपलब्ध नुहँदा अध्यापनमा कठिनाई परेको र सो विषयमा पनि कुनै पहल नभएको धारणा विषय अध्यापन गराई रहेका शिक्षक श्री शुभकान्त शर्माले जानकारी गराउनु भयो । पाठ्यक्रमले अपेक्षा गरे अनुसार पाठ्यक्रममा उल्लेखित कतिपय विषयवस्तुहरू अध्ययन-अध्यापन गर्न शैक्षिक सामग्रीहरूको आवश्यकता पर्दछ । यस विद्यालयमा यस विषयलाई अध्यापन गर्न चाहिने सम्पूर्ण शैक्षिक सामग्री उपलब्ध नभए पनि भएका शैक्षिक सामग्री पनि प्रयोग नगरेर अध्यापन गराई राखेको कुरा विद्यार्थी छलफलबाट प्राप्त भयो । सामाजिक जस्तो विषयमा विद्यार्थीलाई प्रत्यक्ष संलग्न गराएर उनीहरको गाउँ, समाज र टोलको आवश्यकता अनुसार अध्यापन गराउनु पर्ने भए पनि शिक्षकद्वारा व्याख्यान विधिको मात्र प्रयोग हुनुले पनि यो विषयको पाठ्यक्रम कार्यान्वयनमा ठूलो समस्या खडा गरेको छ ।

अर्कोतिर शैक्षिक सत्र सुरु भएको २ महिना पुग्दा पनि झण्डै एक महिना लामो सुदूरपश्चिम बन्दले विद्यार्थीहरूले पाठ्यपुस्तक समेत नपाएको स्थिति थियो । शिक्षकले कक्षा शिक्षणमा पाठ्यक्रम अनुसारको सामग्री निर्माण गर्ने र स्थानीय सामग्री निर्माणमा विद्यार्थीहरूलाई आवश्यक निर्देशनसम्म पनि शिक्षकबाट नआउनु, शिक्षक कक्षामा ढिलो प्रवेश गर्नु, शिक्षकले

कहिलेकाही गृहकार्य दिए पनि हेर्न नभ्याउने, विद्यार्थी चापले गर्दा कक्षा नियन्त्रणमा समस्या, मूल्याङ्कन प्रणालीमा पनि खासै ध्यान नदिनु, सबै विद्यार्थीहरूलाई समान रूपले हेर्न नसक्नु, विद्यार्थी केन्द्रित शिक्षण विधि प्रति शिक्षकसँग सकारात्मक अभिवृत्तिको अभाव, व्याख्यान विधिद्वारा मात्र कक्षामा अध्यापन गर्नु, विभिन्न किसिमका बन्द हडतालले गर्दा वार्षिक कर्यायोजना अनुसार चल्न नसक्नु, जसले गर्दा वर्ष भरीमा कोर्ष पनि नसिद्धिने कुरा शिक्षक प्रेमबहादुर सिंहले जानकारी दिनु भयो । पाठ्यसामग्री र शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा शिक्षक र विद्यार्थीले खासै ध्यान नदिनु, विद्यार्थीमा पनि अनुशासनको कमीका कारण पढाईमा खासै ध्यान नदिनु । कुनै कुनै विद्यार्थीले नजानेका कुराहरू शिक्षकसँग सोध्नु पनि नसक्नु, भौतिक संरचना र आर्थिक अभावले उचित कक्षाकोठाको व्यवस्थापन गर्न पनि नसक्नु, शिक्षकद्वारा बढी विद्यार्थी भएको कारण नियन्त्रण गर्न गाह्रो भएको कुरा शिक्षक हेमन्त ओझाले जानकारी दिनुभयो । त्यस्तै विद्यालय निरीक्षकसँगको अन्तवार्ताबाट पनि के कुराको जानकारी प्राप्त भयो कि शिक्षकले सबै विद्यार्थीलाई समान रूपमा हेर्न नसक्नु, प्रत्येक विद्यार्थीले सिक्यो वा सिकेन भनेर दृष्टि नपुऱ्याउनु आदि । त्यसै गरी यस विद्यालयमा निरीक्षण तथा अनुगमनको अभाव भएको कुरा प्र.अ. श्री जंगबहादुर देउवाले गुनासो पोख्नु भयो । विद्यालय निरीक्षणहरू कहिले काहि मात्र विद्यालयमा पुग्दा पनि कक्षा अवलोकन गर्दैनन् । त्यस्तै यस विद्यालयमा पाठ्यक्रमलाई कार्यान्वियन गर्दा देखिने समस्याहरू र पाठ्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने उपायहरू बारे विद्यालय निरीक्षकले शिक्षकहरूसँग कुनै पनि छलफल वा जानकारी नै नगरेको शिक्षकहरूले गुनासो गरे ।

अध्ययनका क्रममा विद्यालय निरीक्षक, प्र.अ. तथा शिक्षकसँग गरिएको अन्तवार्ता, कक्षा अवलोकन, विद्यार्थीहरूसँग छलफल र प्रत्यक्ष अवलोकनबाट निम्न माध्यमिक तहमा थुप्रै समस्याहरू देखापरे । यस्ता विभिन्न खालका समस्याले गर्दा यस विषयको पाठ्यक्रम कार्यान्वयनमा शिक्षक, विद्यार्थी तथा विद्यालय प्रशासनले नै ठूला ठूला कठिनाई भोग्नु परेको स्थिति छ । यस्ता विभिन्न समस्याहरूलाई तत्काल समाधान गरी विद्यालय सञ्चालन गरी पाठ्यक्रम कार्यान्वयनमा सुधार आएमा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू तथा नि.मा.वि. तहमा राखेको शिक्षाको उद्देश्य प्राप्त गर्न सजिलो हुने थियो । पाठ्यक्रम कार्यान्वयन गर्दा सीमित साधन वा पाठ्यसामग्रीमा निर्भर रहनुले पनि कार्यान्वयन प्रक्रिया कमजोर रहेको छ ।

पाठ्यक्रम कार्यान्वयन गर्ने थलो विद्यालयले विद्यार्थीको भौतिक पक्षमा सुधार ल्याउन सकेमा यस विषयको अध्यापनमा बढी विद्यार्थीको चापले सिर्जित समस्या स्वतः समाप्त भई पाठ्यक्रम कार्यान्वयनमा सहजता हुने थियो । विद्यालय भवन, कक्षाकोठा, फर्निचर, खेलमैदान, शौचालय तथा खानेपानी जस्ता अति आवश्यक भौतिक सुविधालाई झन अझ सुधार गर्न सकेमा र समुदायमा जनचेतना विस्तार गरी स्थानीय स्रोत साधनको सदुपयोग गर्न सकेमा पाठ्यक्रम कार्यान्वयनमा आएका समस्या समाधान हुने थिए । विद्यालयमा आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गर्न सकेमा, शैक्षिक सामग्रीबाट सिकिएको ज्ञान प्रभावकारी र दिगो हुने हुनाले यस

विषयसँग सम्बन्धित सामग्री उपलब्ध तथा व्यवस्था गर्न सकेमा यस विषयको उद्देश्य प्राप्तिमा सजिलो हुने थियो । विद्यालयमा परम्परागत शिक्षक केन्द्रित शिक्षण विधि र व्याख्यान विधिको हावी रहेको अवस्थामा त्यसको सट्टामा विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्ने सकेमा सिकाईलाई दिगो बनाउन सकिन्थ्यो । त्यस्तै सामाजिक शिक्षा अध्यापन गर्दा तालिम प्राप्त तथा दक्ष विषय विशेषज्ञको व्यवस्था गर्न सकेको खण्डमा त्यस विषयलाई कसरी कार्यान्वयन गर्न कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने बारेमा थाहा हुन्छ र कार्यान्वयनमा त्यति समस्या नआउने र समस्या समाधान हुने थियो । योजनाले कुनै पनि कार्यलाई पूर्व निर्धारित बाटोमा सही निर्देशन गर्दछ । विना योजनाको शिक्षण भनेको गन्तव्य विनाको यात्रा हो । योजनाले शिक्षकलाई सही बाटोमा अघि बढ्न सहयोग गर्दछ । योजना बनाएर शिक्षकले यस विषयलाई अध्यापन गरेमा शिक्षण प्रभावकारी हुन गई राखेका उद्देश्य प्राप्त भई पाठ्यक्रम कार्यान्वयन गर्न सजिलो हुने थियो । साथै सम्बन्धित निकायले समय समयमा विद्यालयको शिक्षण लगायत विभिन्न पक्षमा निरीक्षण, सुपरीवेक्षण मूल्याङ्कन तथा अनुगमन गरी आवश्यक सहयोग सल्लाह र सुझाव प्रदान गर्ने हो भने पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू समाधान हुने थिए ।

पाठ्यक्रम कार्यान्वयनसम्बन्धी गोष्ठीहरू सञ्चालन गरी नयाँ परिवर्तित पाठ्यक्रमको आवश्यकता एवम् विशेषताको बारेमा शिक्षक विद्यार्थी एवम् सम्बन्धित पक्षमा जानकारी गराईनु पर्दछ । अत : पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधान गरी एउटा सफल, वैज्ञानिक एवम् व्यवहारिक पाठ्यक्रम निर्माण गर्न सकेको खण्डमा आजको विज्ञान र प्रविधिको युगमा पाठ्यक्रम कार्यान्वयन गर्न सजिलो हुने देखिन्छ ।

## परिच्छेद पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था शीर्षकमा गरिएको यस अध्ययनका प्राप्ति, निष्कर्ष र सुझावहरू निम्न अनुसार प्रस्तुत गरिएको छ :

### ५.१ प्राप्तिहरू

यस अध्ययनको क्रममा मैले कैलाली जिल्लाको मसुरिया गा.वि.स. वडा नं. ४ लिक्मामा अवस्थित सामुदायिक विद्यालय श्री जनप्रिय उच्च मा.वि. का प्रधानाध्यापक कक्षा ६, ७ र ८ मा सामाजिक अध्ययन विषय अध्यापन गराउने तीन जना शिक्षकहरू, विद्यालय निरीक्षक र प्रत्येक कक्षाबाट १०/१० जनाको दरले ३० जना विद्यार्थीबाट चाहिने आवश्यक सूचना प्राप्त गरेको थिए । प्राप्त सूचनाको विश्लेषण र व्याख्या गर्ने क्रममा अध्ययन कर्ताले निम्न लिखित तथ्यहरू प्राप्त गरेको छ ।

#### ५.१.१ शिक्षकको योग्यता तथाअनुभव सम्बन्धमा

- नि.मा.वि.तहमा सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकहरूले शिक्षा नियमावलीले तोकेको न्यूनतम योग्यता तालिम तथा अध्यापन अनुमति पत्र हासिल गरेको पाइयो ।
- विषय विशिष्टिकरणको सन्दर्भमा तिनै जना शिक्षकहरूले अलग अलग विषयमा विशिष्टिकरण गरेको र सामाजिक अध्ययन विषयमा विशिष्टीकरण नगरेको पाइयो ।
- विषय शिक्षकको अनुभवका सन्दर्भमा हेर्दा तिनै जना शिक्षकको अनुभव ५ वर्षभन्दा बढी रहेको पाइयो ।

#### ५.१.२ पाठ्यक्रम कार्यान्वयनको योजना सम्बन्धमा

- शिक्षकले पाठ्यक्रम कार्यान्वयनको योजना निर्माण नगरी अध्यापन गर्ने गरेको तर विद्यालयमा नियमित निरीक्षण अवलोकन र अनुगमन भएमा पाठयोजना र एकाई योजना बनाई शिक्षकले अध्यापन गर्ने  गरेको पाइयो ।

#### ५.१.३ शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग सम्बन्धमा

- शिक्षक निर्देशिका विद्यालयमा उपलब्ध भएको भएता पनि शिक्षण गर्दा कुनै पनि शिक्षकले यसलाई प्रयोग नगरेको भेटियो । शिक्षक निर्देशिका दराजमा नै थन्काईएको अवस्थामा भेटियो ।

### ५.१.४ शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग सम्बन्धमा

- विद्यालयमा पर्याप्त शैक्षिक सामग्रीको अभाव हुँदा नियमित सामग्रिहरूको मात्र अत्यधिक प्रयोग भएको पाईयो । शिक्षणमा श्रव्य दृश्य सामग्रीको प्रयोग अति न्यून रूपमा हुने गरेको पाईयो ।
- समयमा पाठ्यसामग्री उपलब्ध नहुँदा वर्ष भरिको कोर्श सिध्याउन नसकेको अवस्था भेटियो ।

### ५.१.५ शिक्षण विधिहरूको प्रयोगको अवस्था सम्बन्धमा

- शिक्षण क्रियाकलाप गर्दा व्याख्यान र छलफल विधि प्रयोग गरेको पाइयो ।

### ५.१.६ शिक्षक क्रियाकलापसम्बन्धी प्राप्ति

- सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनमा शिक्षक र विद्यार्थीको सक्रियता राम्रो रहेको पाईयो ।
- भौतिक व्यवस्थापन ठिकै भए पनि कक्षाको सजावट सरसफाई र शैक्षिक सामग्रीको सुरक्षा गर्ने व्यवस्थामा कमि रहेको पाईयो ।
- शिक्षकले विद्यार्थीलाई उचित उत्प्रेरणा जगाउन नसकेको पाईयो ।

### ५.१.७ विद्यार्थी क्रियाकलाप सम्बन्धी प्राप्ति

- कुनै पनि शिक्षकले पाठ अनुसार विभिन्न स्थानको अवलोकन भ्रमण गराउने गरेको पाइएन ।

### ५.१.८ मूल्याङ्कन तरिका सम्बन्धमा

- उपलब्धी मूल्याङ्कनको आधारको रूपमा लिखित परीक्षाहरू (प्रथम त्रैमासिक, अर्धवार्षिक र वार्षिक) लाई मात्र लिने गरिएको पाईयो । विद्यालयमा निरन्तर मूल्याङ्कनको अभाव रहेको पाइयो ।
- गृहकार्य कहिले काहि दिने तर नियमित रूपमा चेक गरी गल्ती औंल्याएर शिक्षण गर्नु पर्नेमा त्यसमा ध्यान दिन नसकिएको पाईयो ।
- विद्यार्थीहरूका अनुसार यस विद्यालयमा पुरुस्कार र दण्डको व्यवस्था रहेको पाइयो ।
- विद्यार्थीहरूलाई मौखिक प्रश्न सोधेर कक्षा मूल्याङ्कन गर्ने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनबाट प्राप्त भएको प्राप्तिहरूको आधारमा निम्न निष्कर्षमा पुग्न सकिन्छ :

विद्यालयमा निम्न माध्यमिक तहमा सामाजिक अधयन विषयलाई अध्यापन गर्ने सबै शिक्षकहरू आवश्यक न्यूनतम शैक्षिक योग्यता प्राप्त भएता पनि तर सामाजिक अध्ययन विषयमा कुनै पनि शिक्षकले विशिष्टिकरण नगरेका छन् । यसबाट विद्यालयमा विषयगत शिक्षकको अभाव देखिन्छ । निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम तथा शिक्षक निर्देशिका विद्यालयमा उपलब्ध भए पनि सो अनुसार शिक्षण नगरी पाठ्यपुस्तकलाई नै आधार मानि शिक्षण गर्ने परम्परा यथावत छ । शिक्षकहरूले दैनिक पाठयोजना बनाएर शिक्षण गर्ने गरेको बताए पनि दैनिक पाठ्योजना विना नै शिक्षण गर्दछन् । शिक्षण गर्दा बढी व्याख्यान विधिको प्रयोग गर्दछन् । विद्यार्थी धेरै भएको कारणले अन्य विधिहरु प्रयोग गर्न नसकेको कारण दिन्छन् । शैक्षिक सामग्रीहरूको प्रयोग गरी शिक्षण गर्ने कार्य न्यून छ । शिक्षण गर्दा विद्यार्थीको क्षमता, रुची र स्तरलाई ध्यान नदिईकन शिक्षण गरेको पाइन्छ । शिक्षणका क्रममा विद्यार्थीको अत्यधिक चापका कारण सबै विद्यार्थीहरूलाई सक्रिय हुने अवसर दिन नसकेको पाइन्छ । उपलब्धि मूल्याङ्कनको आधारको रूपमा लिखित परीक्षाहरू (प्रथम त्रैमासिक, अर्धवार्षिक र वार्षिक) लाई मात्र लिने गरिएको छ । गृहकार्य कहिलेकाहिँ दिने गरेको भए पनि चेक गर्ने तथा पृष्ठपोषण दिने काम नभएको पाइन्छ । प्रधानाध्यापकद्वारा शिक्षकहरुको कक्षा अवलोकन कार्य नगन्य रुपमा गरिन्छ । समष्टीगत रुपमा भन्नुपर्दा सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यानवयन पाठ्यक्रम दस्तावेज अनुसार हुन सकिरहेको छैन भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

यस अध्ययनबाट के पनि निष्कर्षमा पुग्न सकिन्छ भने पाठ्यक्रम कार्यान्वयका विभिन्न नमूनाहरू मध्ये परिवर्तन अवरोधहरूको सामना नमूनाका अनुसार नयाँ कार्यक्रमको कार्यान्वयनका लागि कार्यान्वयन कर्ताहरूले नयाँ कार्यक्रमहरूको वकालत गर्ने व्यक्तिहरू प्राप्त गर्नुपर्दछ र संगठनलाई परिवर्तन गर्नुभन्दा पूर्व व्यक्तिगत रुपमा व्यक्ति परिवर्तन हुनु जरुरी हुन्छ । तर यहाँ पाठ्यक्रम कार्यान्वयन गराउने व्यक्ति शिक्षक स्वमय् परिवर्तन प्रति जानकार नभई र स्वयम् आफू र आफ्ना संगठनका अन्य सदस्यहरूसँग पनि छलफल नै नगरी पाठ्यक्रम कार्यान्वयन गराई रहेको स्थिति छ । त्यस्तै संगठनात्मक विकास नमूना अनुसार पनि संगठनका सामूहिक कार्यमा जोड नदिई, कार्यमूलक वा कार्यात्मक अनुसन्धानको प्रयोग नगरिकनै पाठ्यक्रम कार्यान्वयन गराईरहेको स्थिति छ । त्यस्तै पाठ्यक्रम कार्यान्वयनका लागि विभिन्न रणनीतिहरू रहेका छन् । ती मध्ये यस विद्यालयमा पाठ्यक्रम कार्यान्वयन गर्दा शक्ति प्रयोग वा जवरजस्ती रणनीतिको प्रयोग भएको छ भन्न सकिन्छ । किनकी यसमा नवप्रवर्तनलाई अन्तर आत्माबाट नचाहँदा नचाहँदै पनि विवश भएर स्वीकार गर्न वाध्य बनाइएको छ । विद्यार्थीको रुची, आवश्यकता र क्षमतालाई ध्यानै नदिई अख्तियार वाला व्यक्तिले नवप्रवतनलाई लागु गर्न निर्देशन दिई अधिकार गरेमा जवरजस्ती वल प्रयोग गरी पाठ्यक्रम कार्यान्वयन गर्ने गरिएको छ ।

शिक्षण कार्यमा देखिएका समस्या समाधानका लागि विद्यार्थी, शिक्षक र अभिभावक विच राम्रो सम्बन्ध स्थापना गरी समस्या समाधानमा सहयोग गर्न सकेमा अझ यो विषयको पाठ्यक्रम कार्यान्वयन स्तरीय बन्ने देखिन्छ । शिक्षकले कक्षा शिक्षण गर्दा पाठयोजना विना नै अध्यापन गराए पनि विषयवस्तु प्रति रुची देखाएर गम्भीर रूपमा शिक्षण गरेको पाईयो । देशको अस्थिर राजनीतिक परिस्थितिले गर्दा विभिन्न किसिमका बन्द हड्ताल भैरहँदा समयमा पाठ्यपुस्तक पनि सम्पूर्ण विद्यार्थीको हातमा नपुगको अवस्था छ । समय समयमा विद्यार्थी मूल्याङ्कन गर्ने गरेमा शिक्षक तथा विद्यार्थीको आशा गरे अनुसारको उपलब्धी पाईने र शिक्षण कार्यमा सुधार हुने देखिन्छ । शिक्षक निर्देशिकाको प्रयोग गरी उचित पाठअनुरूप शैक्षिक सामग्री र शिक्षण विधि लगाएत, पाठ योजना र एकाई योजना बनाई शिक्षण गरेमा यस विषयको पाठ्यक्रम कार्यान्वयन प्रभावकारी हुन गई विद्यार्थीले अन्तर्राष्ट्रिय क्षेत्रका बारेमा राम्रो ज्ञान हासिल गरी सिकाइ उपलब्धि राम्रो हुने देखिन्छ ।

### ५.३ सुझावहरू

यस अध्ययनको सामाजिक अधययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थाका बारेप्राप्त जानकारीका आधारमा साथै पाठ्यक्रम कार्यान्वयन अवस्थामा देखिएका समस्यालाई समाधान गर्न सकेमा कार्यान्वयन पक्ष राम्रो हुने देखिन्छ । अध्ययनबाट प्राप्त भएका सूचनाका आधारमा यससँग सम्बन्धित सम्पूर्ण सरोकारवाला शिक्षक, विद्यार्थी, प्र.अ., अभिभावक, विषय विशेषज्ञ, पाठ्यक्रम निर्माता आदि सबै पक्षलाई माथि उल्लेखित प्राप्ति र निष्कर्षका आधारमा निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनमा सुधार ल्याउन निम्न किसिमका सुझाव, सल्लाह प्रस्तुत गरिएको छ ।

- शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रूपमा वार्षिक योजना तथा पाठयोजनालाई लिनु पर्दछ । यस विद्यालयमा दुवै किसिमको योजना निर्माणमा प्र.अ., स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयले गम्भिरतापूर्वक अनुगमन गर्ने तथा उक्त कार्य गराउने तर्फ पहल गर्नुपर्ने देखिन्छ ।
- पाठ्यक्रम, शिक्षक निर्देशिका तथा अन्य सन्दर्भग्रन्थहरूको उपलब्धता बढाई यसको उपयोगिता र प्रयोगमा शिक्षकहरूलाई अभिप्रेरित गर्नुपर्छ ।
- शिक्षणमा क्रममा सामाजिक अध्ययन विषयका शिक्षण सामग्री सन्दर्भ सामग्रीहरूको पर्याप्त मात्रामा व्यवस्था र प्रयोग गरिनु पर्दछ । यसबाट विद्यार्थीको सिकाइ प्रक्रियामा सकारात्मक प्रभाव पार्दछ साथै स्थानिय रूपमा उपलब्ध शैक्षिक सामग्रीको निर्माण र प्रयोग गरेमा पाठ्यक्रम कार्यान्वयनमा सहजता हुन्छ । तसर्थ यस विषयका शिक्षकलाई स्थानीय वस्तुको निर्माण र प्रयोग सम्बन्धी विशेष तालिम दिनुपर्ने देखिन्छ । त्यस्तै ठूलो

कक्षामा पनि विद्यार्थी केन्द्रित शिक्षण विधिहरुको कसरी प्रयोग गर्न सकिन्छ  त्यस बारेमा पनि शिक्षकलाई तालिम दिनुपर्ने देखिन्छ ।

- विद्यार्थीहरूलाई “गर र सिक” भन्ने धारणाको अभिवृत्ति गराउने र विद्यार्थीहरूलाई व्यवहारिक परिवर्तन ल्याउनु सामाजिक विषयको मूल लक्ष्य भएकोले यो विषय अध्यापन गर्दा विभिन्न प्रकारका विद्यार्थी केन्द्रित शिक्षण विधिहरू जस्तो : प्रश्नोत्तर विधि, प्रदर्शन विधि, समस्या समाधान विधि, छलफल विधि, खोज विधि आदिको प्रयोग गर्नुपर्ने देखिन्छ ।
- भौतिक सुविधामा सुधार गर्दै विद्यार्थीहरूलाई हरेक क्रियाकलापमा सक्रिय गराउन सकेमा राम्रो हुने थियो ।
- सामाजिक विषयको अध्ययनलाई शैक्षिक भ्रमणको अभिन्न अंगको रूपमा लिनुपर्दछ । भौगोलिक, ऐतिहासिक साँस्कृतिक, धार्मिक क्षेत्रको भ्रमणले विद्यार्थीलाई सम्बन्धित विषय बुझ्न सजिलो हुन्छ । प्रत्यक्ष अवलोकनबाट सिकाइ कार्य प्रभावकारी हुने हुँदा शैक्षिक भ्रमण गराउनु पर्ने देखिन्छ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण कार्यको अभिन्न अंगको रूपमा प्रयोग गरिनु पर्ने ।
- विद्यार्थी मूल्याङ्कनमा लागि लिखित परीक्षाका अलावा प्रयोगात्मक परीक्षाको पनि लिने व्यवस्था गनुपर्ने साथै portfolio assessment लाई पनि स्थान दिनुपर्ने ।
- नियमित रुपमा गृहकार्य दिने र चेक तथा पृष्ठपोषण दिने कार्यलाई नियमितता दिँदै विद्यार्थीहरूलाई आफ्नो गल्ती सुधार्ने अवसर दिनु पर्ने ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न शिक्षक विद्यार्थीको साथै व्यवस्थान समिति, विषय विषेशज्ञ अभिभावक आदिको विषयमा समय समयमा अन्तर्क्रिया गर्नुपर्ने ।
- विद्यार्थीको सिकाईस्तर, मूल्याङ्कन, पाठ्यक्रम, आदिको बारेमा विभिन्न सेमिनार, तालिम गोष्ठीहरू सञ्चालित गर्नमा सम्बन्धित निकायको ध्यान पुर्‍याउन सकेको खण्डमा निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयन पक्ष बलियो हुने थियो ।

यसरी उल्लेखित सुझावहरूलाई मनन गरी सम्बन्धित सरोकारवाला सबैले समयमा नै आफ्नो कार्ययोजना मार्फत कार्यविधि अगाडि राखेको खण्डमा सामाजिक अध्ययन जस्तो परिवर्तनशील एवम् एकीकृत विषयको पाठ्यक्रम कार्यन्वयनमा सुधार हुनुका साथै राखेका उद्देश्यहरू प्राप्त गरी दक्ष एवम् उपलब्धिमूलक जनशक्ति उपलब्ध हुनेमा विश्वास राख्न सकिन्छ ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, विष्णुप्रसाद (२०६३), *निम्न माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौं : आशिष बुक्स हाउस ।

अधिकारी, विष्णुप्रसाद (२०६५), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौं : आशिष बुक्स हाउस ।

अधिकारी, विष्णुप्रसाद (२०६८), *निम्न माध्यमिक तह अध्यापन अनुमति पत्र,* काठमाडौं : आशिष बुक्स हाउस ।

आचार्य, वलराम (२०६३), *नेपालमा समाजशास्त्र तथा मानवशास्त्र सिद्धान्त, अवधारणा र अनुभव,* काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन ।

ऐर, सुरेन्द्र सिंह (२०६७), *सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

कट्टेल, बालचन्द्र (२०६४), *पाठ्यक्रम अध्ययन,* काठमाडौं : न्यू हिरा बुक्स ईन्टरप्राईजेज ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्दति,* कीर्तिपुर : सनलाईट पब्लिकेसन ।

खनाल, श्रीप्रसाद (२०६६), *कार्यक्रम मूल्याङ्कन,* काठमाडौं : जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

गौतम, दिनानाथ (२०६६), *सामाजिक अध्ययन र यसको औचित्य स्मारिका,* सानोठिमी भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

बस्नेत, गुणराज (२०६८), *कक्षा ९ को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलाप,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय कीर्तिपुर, काठमाडौं ।

जवरा. स्वयंप्रकाश, श्रेष्ठ, चन्द्रबहादुर एवं रञ्जितकार, किरण (२०६७), *शिक्षामा मापन तथा मूल्याङ्कन,* (प्रथम संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

जोशी, गणेशप्रसाद (२०६६), पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरू, सम्प्रेषण, पाठ्यक्रम तथा मूल्याङ्कन विद्यार्थी समाज, त्रि.वि., कीर्तिपुर, काठमाडौं ।

नेपाल सरकार (२०५७), *सामाजिक अध्ययनको पाठ्यक्रम,* , सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पराजुली, तीर्थराज र अधिकारी बालकृष्ण एवं कट्टेल बालचन्द्र (२०६७), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौं : कवेष्ट पब्लिकेशन ।

बञ्जारा, सुस्मा (२०६८), *समुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पूर्वप्राथमिक तहको पाठ्यक्रम कार्यान्वयनको अवस्था,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, कीर्तिपुर ।

भण्डारी, तुलसिप्रसाद (२०६५), *निःशूल्क प्राथमिक शिक्षा कार्यान्वयनको अवस्था,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, कीर्तिपुर ।

भट्ट, टिकेन्द्रप्रसाद (२०६७), *पाठ्यक्रम सिद्धान्त,* भोटाहिटी, काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स प्रा.लि. ।

राष्ट्रिय योजना आयोग, (२०६७/६८-२०६९/७०), *त्रिवर्षिय योजना*।

रेग्मी, यमुना कुमारी (२०६८), *प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको अवस्था,* अप्रकाशित शोधपत्र, त्रि.वि. शिक्षाशास्त्र संकाय कीर्तिपुर ।

सिंह, नागेश्वर (२०६२), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं : पैरवी प्रकाशन ।

शर्मा, गोपिनाथ, (२०६६), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,* डिल्लीबजार, काठमाडौं : मकालु पब्लिकेशन ।

शर्मा, चिरञ्जीवी (२०६१), *शिक्षाका आधारहरू,* काठमाडौं : एम.के पब्लिकेशसन एण्ड डिष्ट्रिव्युटर्स ।

शर्मा, चिरञ्जीवी, शर्मा, निर्मला (२०६५), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं : एम.के पब्लिकेशसन एण्ड डिष्ट्रिव्युटर्स ।

*शिक्षा वार्षिक पत्रिका* (२०६८), पाठ्यक्रम विकासकेन्द्र, सानोठिमी, भक्तपुर ।

श्रेष्ठ, प्रकाशमान (२०६४), *नेपालमा पाठ्यक्रम निर्माण र कार्यान्वयन,* काठमाडौं : भूणिपुराण प्रकासन ।

Aggrawal J.C. (2008). *Teaching Social Studies.* India: Vikash Publication House.

Curirculum Development Center (2005), *National Curriculum Framework for School Education in Nepal, Kathmandu: Author.*

Ornstein Allen, C. and Hunkins, Francis (2004), *Curriculum Foundations, Principle and Issues.* Boston : Allyn and Bacon.

Print. M (1993), *Curriculum Development and Design*, Australia: Allen and Unwin.

Ranjitkar, Kiranram (2010), *Curriculum Theory*, Kathmandu: Quest Publication.

Taba, H. (1962), *Curriculum Development: Theory and Practices*, New Yrok: Horcourt, Brace and World.

Tyler, R.W. (1949), *Basic Principle of Curriculum and instructions.* Chicago: University of Chicago Press.

UNICEF (2000). *Curriculum Report Card New York,* USA: Author.

## अनुसूची १

## विद्यालयको नामावली

| क्र.सं. | विद्यालय | ठेगाना |
|---|---|---|
| १ | श्री जनप्रिय उच्च माध्यमिक विद्यालय | मसुरिया-४, लिक्मा कैलाली |

## अनुसूची २

## प्रधानाध्यापकको नामावली

| क्र.सं. | प्रधानाध्यापकको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री जंगबहादुर देउवा | मसुरिया-४, महादेवा, कैलाली |

## अनुसूचा ३

## विद्यालय निरीक्षकको नामावली

| क्र.सं. | विद्यालय निरीक्षकको नाम | ठेगाना |
|---|---|---|
| १ | विरवहादुर नेपाली | ध.न.पा.८, कैलाली |

## अनुसूची ४

## शिक्षकको नामावली

| क्र.सं. | शिक्षकको नाम | योग्यता | ठेगाना |
|---|---|---|---|
| १ | प्रेम बहादुर सिंह | एम.ए./वि.एड. | मसुरिया-४, साझा बजार |
| २ | हेमन्तराज ओझा | वि.एड. | मसुरिया - ३, मट्कौना |
| ३ | शुभकान्त शर्मा | आई.एड. | मसुरिया-४, साझा बजार |

अनुसूची ५

लक्षित समूह छलफलमा सहभागी विद्यार्थीको नामावली

| क्र.सं. | विद्यार्थीको नाम | कक्षा |
|---|---|---|
| १ | रामअवतार चौधरी | ६ |
| २ | लक्ष्मी भट्ट | ६ |
| ३ | प्रेमबहादुर नेपाली | ६ |
| ४ | सुरत बोहरा | ६ |
| ५ | गंगाकुमारी बम | ६ |
| ६ | रमेश जोशी | ६ |
| ७ | माया जोगी | ६ |
| ८ | मानमती चौधरी | ६ |
| ९ | रेवता सापकोटा | ६ |
| १० | जमूना खड्का | ६ |
| ११ | विरबहादुर जोगी | ७ |
| १२ | दानबहादुर बोहरा | ७ |
| १३ | सिता कुमारी चन्द | ७ |
| १४ | पावर्ती भूसाल | ७ |
| १५ | रेखा धामी | ७ |
| १६ | रमेश प्रसाद ओभ्ला | ७ |
| १७ | विवेक भट्ट | ७ |
| १८ | फूलमती चौधरी | ७ |
| १९ | शारदा मटेली | ७ |
| २० | गयाराम चौधरी | ७ |
| २१ | विमल सापकोटा | ८ |
| २२ | पूर्ण बहादुर वि.क. | ८ |
| २३ | माया जोगी | ८ |
| २४ | अपेक्षा शर्मा | ८ |
| २५ | विनिता चौधरी | ८ |
| २६ | केशवराज जोशी | ८ |
| २७ | भानुराम चौधरी | ८ |
| २८ | गोविन्द विनाडी | ८ |
| २९ | सम्भ्कना बुढाथोकी | ८ |
| ३० | मिना पुनमगर | ८ |

## अनुसूची ६

## विद्यालय निरिक्षकका लागि अन्तवार्ता प्रश्नावली

१. तपाईको निरीक्षण क्षेत्रमा सामाजिक अध्ययन पाठ्यक्रम उपलब्ध छ ?

..............................................................................................................

२. पाठ्यक्रम कार्यान्वयनमा विद्यालयलाई जि.शि.का. बाट के कस्ता सहयोगहरू प्रांप्त हुन्छन् ?

..............................................................................................................

३. तपाईको निरीक्षण क्षेत्रमा विभिन्न तह र कक्षाका पाठ्यक्रम समयमै उपलब्ध हुन्छन् ?

..............................................................................................................

४. जि.शि.का मार्फत तपाईले शिक्षकलाई केही सहयोग गर्नुभएको छ कि ?

..............................................................................................................

५. पाठ्यक्रम कार्यान्वयनमा विषय शिक्षक र प्र.अ.ले कस्तो सहयोगको अपेक्षा गर्नुहुन्छ ?

..............................................................................................................

६. पाठ्यक्रम कार्यान्वयन के कसरी भईरहेको छ भनि निरीक्षणको क्रममा कक्षाअवलोकन गर्नुभएको छ ?

..............................................................................................................

७. यदि गर्नु भएको छ भने पाठ्यक्रम कार्यान्वयनको क्रममा के कस्ता समस्याहरू देखापरेका छन् ?

..............................................................................................................

८. देखापरेका समस्याहरू समाधान गर्न के के उपायहरू अपनाउनु पर्छ भनि सुझावहरू दिनु भएको छ ?

..............................................................................................................

९. अन्तमा, तपाईको विचारमा नेपालको सन्दर्भमा भन्दा पाठ्यक्रम कार्यान्वयन सहि रुपमा गर्दा के कस्ता उपायहरू अपनाउनु पर्ला जस्तो लाग्छ ?

..............................................................................................................

***आफ्नो अमूल्य समय दिएर योअनुसन्धानात्मक कार्यको लागि सहयोग गर्नु भएकोमा धन्यवाद !***

**अनुसूची ७**

**प्रधानाध्यापकका लागि अन्तवार्ता प्रश्नहरू**

**विद्यालयको नाम :**

**प्रधानाध्यापकको नाम :**

**शैक्षिक योग्यता :**

**तालिम प्राप्त [ ]** **अप्राप्त [ ]**

**प्रधानाध्यापकको कार्य अनुभव : ....... वर्ष**

१) निम्न माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमको बारेमा केही बताईदिनु हुन्छ कि ?

..........................................................................................

२) तपाईको विद्यालयमा समयमा नै पाठ्यक्रम आई पुग्छ ?

..........................................................................................

३) कहाँबाट प्राप्त गर्नु हुन्छ ?

..........................................................................................

४) आफै जानुहुन्छ वा कसैले पु¥याई दिन्छ ?

..........................................................................................

५) यो विषयको पाठ्यक्रम कार्यान्वयन गराउँदा शिक्षक, विद्यार्थी, विद्यालय र समाजलाई नै केही वाधाहरू देखिए कि ?

..........................................................................................

६) तपाईको विचारमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वयन गराउँदा देखापर्ने समस्याहरू के के हुन जस्तो लाग्छ ?

..........................................................................................

७) यी समस्याहरूलाई समाधानार्थ कुन प्रक्रियाहरू अपनाउन सकिन्छ होला ?

..........................................................................................

९) यो विषयको पाठ्यक्रमले सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक वा पूरा समाजको आवश्यकता पुरा गरेको छ ?

..........................................................................................

१०) यो विषयको पाठ्यक्रम कार्यान्वयन गराउने क्रममा केही तालिम, गोष्ठी, सेमिनारहरूमा सहभागिता जनाउनु भएको छ ?

......................................................................................................

११) अन्तमा यो विषयको पाठ्यक्रम कार्यान्वयन गराउँदा देखापर्ने समस्याहरूलाई समाधान गर्ने उपायहरू सहित सम्बन्धित सरोकारवालालाई केही भनिदिनु हुन्छ की, जसले आगामि दिनमा पाठयक्रम कार्यान्वयन कार्यमा सहजता ल्याओस् ।

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

*आफ्नो अमूल्य समय दिएर यो अनुसन्धानात्मक कार्यको लागि सहयोग गर्नु भएकोमा*

धन्यवाद !

**अनुसूची ८**

**शिक्षकका लागि अन्तवार्ता प्रश्नावली**

**विद्यालयको नाम :** **शैक्षिक योग्यता :**

**ठेगाना :** **विषय शिक्षण अनुभव :**

**शिक्षकको नाम :**

१). तपाईले अध्यापन गर्न लाग्नु भएको कति वर्ष भयो ?

.............................................................................................

२) निम्न माध्यमिक तहमा पढाई हुने अनिवार्य विषय सामाजिक अध्ययन विषयको पाठ्यक्रमको बारेमा केही बताई दिनुहुन्छ की ?

.............................................................................................

३) सामाजिक अध्ययन विषय अध्यापनका लागि कहाँबाट पाठ्यक्रम प्राप्त गर्नुहुन्छ ?

.............................................................................................

४) पाठ्यक्रम समयमा नै प्राप्त गर्नु हुन्छ ?

.............................................................................................

५) पाठ्पुस्तकको छनौट कसरी गर्नुहुन्छ ?

.............................................................................................

६) पढाउदा शिक्षक निर्देशिका प्रयोग गर्नुहुन्छ ?

.............................................................................................

७) यस विषयलाई अध्यापन गर्दा शैक्षिक सामग्री कतिको प्रयोग गर्नुहुन्छ ?

.............................................................................................

८) शैक्षिक सामग्रीको प्रयोगले यस विषयको पाठ्यक्रम कार्यान्वयनमा के प्रभाव पारेको छ ?

.............................................................................................

९) विद्यार्थीको कक्षामा उपस्थिति कति हुन्छ ?

.............................................................................................

१०) यस विषयको पाठ्यक्रम प्रति उनीहरूको धारणा कस्तो छ ?

.............................................................................................

११)  पाठ्यक्रमले तोकेको विषयवस्तु वर्षभरी वा शैक्षिक सत्र भरी पढाई सक्नु हुन्छ ?

........................................................................................

१२)  के यस विषयको पाठ्यक्रम वर्तमान समय सुहाउँदो छ ?

........................................................................................

१३)  के यसले परिवर्तित समाजको आवश्यता पूरा गर्ला जस्तो लाग्छ ?

........................................................................................

१४)  पाठ्यक्रम कक्षाकोठामा लागु गर्दा के कस्ता समस्याहरू पाउनु भएको छ ?

........................................................................................

१५)  ती समस्याहरू समाधान गर्ने के उपाय अपनाउन सकिन्छ होला ।

........................................................................................

१६)  यस विषयको पाठ्यक्रम कार्यान्वयनको बारेमा सम्बन्धित सरोकारवालालाई केही भन्नु हुन्छ की ?

........................................................................................

........................................................................................

........................................................................................

*आफ्नो अमूल्य समय दिएर यो अनुसन्धानात्मक कार्यको लागि सहयोग गर्नु भएकोमा*

धन्यवाद !

**अनुसूची ९**

**विद्यार्थीहरूका लागि समूह छलफल निर्देशिका**

**विद्यार्थीको नामः**

**कक्षा :**

१) सामाजिक अध्ययन विषयको विषयवस्तु कति सजिलो वा गाह्रो, कस्तो अनुभव गर्नु भएको छ ?

२) सामाजिक अध्ययन विषयको पाठ्यक्रममा देखेका छौ ?

३) उक्त विषय अध्यापन गर्दा शिक्षकले पाठ्यक्रमको प्रयोग गर्नु हुन्छ ?

४) सामाजिक अध्ययन विषयलाई अध्यापन गराउँदा शिक्षकले पूर्वपाठको स्मरण कसरी गराउनु हुन्छ ?

५) शिक्षकले यो विषय अध्यापन गराउँदा शैक्षिक सामग्रीको प्रयोग कति गर्नुहुन्छ ?

६) कुन कुन विधिको प्रयोग गर्नुहुन्छ ?

७) पाठ पढाउँदा लेखाई पनि दिनुहुन्छ कि खाली भाषण विधिको मात्रै प्रयोग गर्नुहुन्छ ?

८) कुन विधिको प्रयोग गरेमा बढी राम्रोसँग बुझ्छौं ?

९) यस विषयको पाठ्यक्रममा केही असजिला वा तिमीहरूलाई अप्ठ्यारो लाग्ने विषयवस्तुहरू छन् की ?

१०) शिक्षकले यस विषयमा भएका क्रियाकलापहरू सम्पूर्ण गराउनु हुन्छ ?

११) यो विषय वार्षिक परीक्षा हुनुभन्दा पहिले नै पुरै पढाई हुन्छ की हुँदैन ?

१२) गृहकार्य दिनु हुन्छ कि हुँदैन ?

१३) यस विषयको पाठ्यक्रम कार्यान्वयन गराउँदा विद्यालयमा केही समस्याहरू रहेका छन् की ?

१४) अन्तमा यो विषयको पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्या समाधान गरी पाठ्यक्रम कार्यान्वयन प्रक्रिया सहजता ल्याउनको लागि सम्बन्धित सरोकारवालालाई केही भन्नुहुन्छ की ?

*आफ्नो अमूल्य समय दिएर यो अनुसन्धानात्मक कार्यको लागि सहयोग गर्नु भएकोमा*

धन्यवाद !

**अनुसूची १०**

**कक्षा अवलोकन फाराम**

| | |
|---|---|
| **विद्यालयको नाम :** | **मिति :** |
| **शिक्षकको नाम :** | **विषय :** |
| **शिक्षकको योग्यता :** | **घण्टी :** |
| **तालिम प्राप्त : (       ) अप्राप्त (       )** | **समय :** |
| **शिक्षकको अनुभव : ....... वर्ष** | **एकाई :** |
| | **पाठ शीर्षक :** |

१). पाठको सुरुवात कसरी गरियो ?

......................................................................................

२) शिक्षणको प्रस्तुतीकरण कसरी गरियो ?

......................................................................................

३) पाठयक्रमको प्रयोग गरियो ?

......................................................................................

४) शिक्षक निर्देशिकाको प्रयोग गरियो ?

......................................................................................

५) पाठको शिर्षक अनुरूप कुन कुन विधि प्रयोग गरियो ?

......................................................................................

६) के पाठको प्रकृति अनुरूप शैक्षिक सामग्रीको प्रयोग उपयुक्त र प्रभावकारी थियो?

......................................................................................

७) विद्यार्थी सक्रियता कस्तो थियो ?

......................................................................................

८) विद्यार्थीलाई कस्तो क्रियाकलापमा संलग्न गराईयो वा कस्तो गरेको भए उपयुक्त हुने थियो ?

......................................................................................

९) के अध्ययन गराएको पाठ पाठ्यक्रमसँग मिल्छ ?

......................................................................................

१०) पाठयोजना बनाएको थियो ?

......................................................................................

११) पाठको अन्तमा मूल्याङ्कन गरियो ?

..............................................................................................

१२) मूल्याङ्कन गरिँदा कुन साधनको प्रयोग गरेको थियो ?

..............................................................................................

१३) के उद्देश्य अनुरूप मुल्याङ्कन साधनको प्रयोग गरिएको थियो ?

..............................................................................................

१४) विद्यार्थीको पाठ प्रति कस्तो प्रतिक्रिया रहयो ?

..............................................................................................

१५) के समयमा नै उक्त विषयवस्तु शिक्षण गरिएको थियो ?

..............................................................................................

१६) पाठ्यवस्तु शिक्षण गरिरहँदां बाह्य कुराहरूको स्थिति कस्तो थियो ? (कक्षाकोठाको बसाई, होहल्ला, विद्यार्थी सक्रियता, प्रकाश युक्त, उपयुक्त फर्निचरको व्यवस्था आदि)

..............................................................................................